म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २२२ आइतबार १२ चैत २०७९ ने. सं. ११४३ चौलाथ्व 26 March 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## अझै ४.५ प्रतिशत नेपालीको घरमा छैन शौचालय

काठमाडौं, ११ चैत/नेपालका ४.५ प्रतिशत जनसंख्या अझै शौचालयको पहुँच बाहिर रहेको तथ्यांक सार्वजनिक भएको छ । खुला दिशामुक्त घोषणा भएको ४ वर्षपछि पनि सतप्रतिशत नेपालीको घरमा शौचालय बन्न नसकेको हो । २०७६ साल असोज १३ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाललाई तामझामका साथ खुला दिशामुक्त देश घोषणा गरेका थिए । तर, २०७८ सालको जनगणनाअनुसार जम्मा ९५.५ प्रतिशत जनसंख्यामा शौचालय बनेको हो ।

जनगणनाअनुसार नेपालमा कूल ६६ लाख ६० हजार ८४१ वटा परिवार छन् । यसमध्ये ४.५ प्रतिशत परिवारमा अझै कुनै पनि प्रकारको शौचालय नबनेको हो । राष्ट्रिय तथ्यांक कार्यालयले आज जनगणनाको तथ्यांक सार्वजनिक गर्दै यस्तो जानकारी दिएको हो ।

## 'स्ववियु निर्वाचनको बिबादमा ज्यान मार्ने धम्की

साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/गत ४ चैतमा सम्पन्न स्ववियु निर्वाचनमा भएको बिबादको बिषयमा बिजेता पक्षलाई ज्यान मार्ने धम्की दिइएको छ ।

हेटौंडा-१६ हटियास्थित जनप्रिय बहुमुखी क्याम्पसमा स्ववियु निर्वाचनमा पराजित गरेको भन्दै नेपाली कांग्रेस निकट युवाहरुले नेकपा एमाले निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) पक्षका कैलाश धितालालाई र उनको परिवारलाई ज्यान मार्ने धम्की दिएको हो । पीडित धिताल र उनको श्रीमती आस्था रिजालले जिल्ला प्रहरी कार्यालय मकवानपुरमा ज्यान मार्ने धम्की दिने तीन जनामाथि किटानी जाहेरी दिएका छन् । हेटौंडा-१६ चिसापानी बस्ने ३० वर्षीय बुद्धिप्रसाद गौतम, ३२ वर्षीय शंकर पनेरु र सोही स्थानका ३३ वर्षीय सुर्वण पौडेलविरुद्ध किटानी जाहेरी परेको हो ।

पीडित धितालका अनुसार घटना शुक्रबार साँझ ७ बजेको हो । हटिया चिसापानी नजिकै गौरिटारमा बस्दै आएका धितालालाई ज्यान मार्ने धम्की दिइएको र डेरामै पुगेर उनको श्रीमतीलाई अपशब्द बोलेको जाहेरीमा उल्लेख छ । स्थानीय निजी विद्यालयमा प्रधानाध्यापकको काम गर्दै आएका धितालको श्रीमती रिजाल मात्रै कोठामा भएको अवस्थामा पौडेलको समूह पुगेका थिए । उनीहरुले आफ्नो कोठामा आई अश्लिल शब्द प्रयोग गरी हातपात गर्ने प्रयास र अभद्र व्यवहार गरेको पीडित रिजालले जानकारी दिएकी छन् । कोठामा धितालालाई नभेटेपछि धम्की दिने पौडेल र पनेरुले फोनबाटै ज्यान मार्ने धम्की दिएका हुन् ।

ज्यान मार्ने धम्की दिएको अडियो *साझाकुरा*सँग सुरक्षित रहेको छ । अडियोमा पौडेलले अपशब्द प्रयोग गर्दै ज्यान मार्ने धम्की दिएका छन् । पौडेलपछि पनेरुले पनि ज्यान मार्ने धम्की दिएको अडियोबाट खुल्न आउँछ । पौडेल स्ववियु निर्वाचनमा नेपाल विद्यार्थी संघ (नेविसंघ)को तर्फबाट बुथ प्रतिनिधि बसेका थिए । धिताल अनेरास्ववियुलाई जिताउन कमाण्डरको रुपमा खटिएका थिए । उनी नेकपा एमाले निकट बुद्धिजीवि जिल्ला परिषद्को सदस्यसमेत छन् । जनप्रियमा नेविसंघ, माओवादी केन्द्र निकट अखिल (क्रान्तिकारी) र राप्रपा नेपाल निकटको राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संघ (राप्रविसंघ) को गठबन्धनसँग अनेरास्ववियु, नेकपा (एकीकृत समाजवादी) निकट अनेर स्ववियू र नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपा निकट अखिल (क्रान्तिकारी)को गठबन्धन निर्वाचनमा प्रतिस्पर्धा गरेको थियो ।

स्ववियु निर्वाचनमा दुवै गठबन्धनमा लागेको भागबण्डा अनुसार नेविसंघले र विप्लव (क्रान्तिकारी)ले सभापति लिएका थिए । जसमा विप्लव क्रान्तिकारी, अनेराववियूको पूरा प्यानलले जित हासिल गरेको थियो । निर्वाचनमा लागेर हराएको भन्दै पौडेल पक्षले आफूमाथि आक्रमणको प्रयासले कोठामै पुगेको र नभेटेपछि फोनबाट ज्यान मार्ने धम्की दिएको पीडित धितालले जानकारी दिएका छन् । 'स्ववियु निर्वाचनमा नेविसंघलाई हराएको भनेर ममाथि आक्रमण गर्न कोठामा उनीहरु आएको थिए । मलाई नभेटेपछि फोनबाट ज्यान मार्ने धम्की दिएकाले न्यायका लागि प्रहरी कार्यालय पुगेको हुँ,' धितालले भने । उनले उत्पन्न घटनाबाट आफ्नो श्रीमती मानसिक तनावमा रहेको बताए ।

पीडक भनिएका पौडेलले धितालको डेरामै पुगेको र ज्यान मार्ने धम्की पनि दिएको स्वीकार गरे । तर, डेरामा पुगेर पीडित महिलालाई कुनै गलत नगरेको पौडेलले बताएका छन् । 'म आवेगमा भएकाले डेरामा धितालालाई खोज्दै पुगेको हुँ । बाहिर बाटै त्यसलाई बाहिर निकाल भनेको पनि हुँ । कोठामा महिला मात्रै भएकाले म फर्किएको हुँ, महिलालाई गलत केही भनेको छैन,' पौडेलले भने । आफूले फोनबाट ज्यान मार्ने धम्की आवेगमा आएर दिएको तर, नियत भने त्यस्तो नभएको पौडेलको स्वीकारोक्ती छ । 'मैले फोनमा आवेगमा आएर बोलेको हुँ, रिशको बेला अनायासै भन्न आउँदो रहेछ । तर, नियत त्यस्तो थिएन', पौडेलले भने ।

उनले स्ववियु निर्वाचनको बेला आफू बुथ प्रतिनिधि रहेको र धितालले होच्याउने तरिकाले बोलेपछि रिश उठेको बताए । 'मेरो अंकललाई मेरो बारेमा सोधेर होच्याउने गरी धितालले बोलेको हो । मैले आफ्नो काम गरिरहँदा होच्याउने गरी बोलेपछि रिश उठेको हो,' पौडेलले भने । आफूलाई होच्याउने गरी बोलेर धिताल आफ्नो घर पनि आएको उनको दाबी छ । 'पहिला मेरो घर आएको रहेछ । त्यसपछि उसलाई खोज्दै कोठामा पुगेको हुँ, भागेर हिँडिरहेको थियो,'-उनले भने ।

मकवानपुरका प्रहरीप्रमुख प्रहरी उपरीक्षक बामदेव गौतमले घटनाबारे अनुसन्धान भइरहेको जानकारी दिए । किटानी जाहेरी परेको र घटनाको सत्यतथ्य बुझ्ने कार्य प्रहरीबाट भइरहेको भन्दै प्रहरीले मिलापत्र गराउन खोजेको बुझिएको छ ।

## 'घेराबन्दीलाई एकजुट भएर सामना गरौँ'



साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/नेकपा एमालेप्रति देशीविदेशी प्रतिक्रियावादीको घेराबन्दीमा रहेकोले कार्यकर्ता पंक्ति एकजुट भएर सामना गर्नुपर्ने नेकपा एमाले केन्द्रीय स्थायी कमिटी सदस्य तथा बाग्मती प्रदेश कमिटी ईञ्चार्ज काशिनाथ अधिकारीले बताएका छन् ।

नेकपा एमाले, मकवानपुरको पार्टी केन्द्रद्वारा सञ्चालित मिसन ग्रासरुट, पार्टी संगठन तथा सुदृढीकरण अभियान-२०७९ को समिक्षा बैठकमा उनले बलियो संगठन र जनताको समर्थनमा सबै एमाले प्रतिका षडयन्त्रलाई चिर्दै राष्ट्र र जनताको हितमा दृढ भएर नेकपा एमाले उभिने बताए । अबको हरेक निर्वाचन र प्रतिस्पर्धामा पहिलो र बहुमतमा आउनको लागि अभियान सञ्चालन गरेको प्रष्ट पारे ।

अभियानले पार्टीपंक्तिलाई जिल्लाव्यापी चलायमान गरेको, पार्टीको जिल्ला, पालिका र विशेष ईलाका कमिटी, वडा कमिटी र जनसंगठनको जिल्ला कमिटीको वैठक बस्ने, अभियानसम्बन्धि योजना बनाउने, अवधि पुगेका कमिटीको अधिवेशन र पुन:गठन भईरहेको, पार्टी सदस्यता नवीकरण, नयाँ पार्टी सदस्यता विस्तार कार्य सञ्चालन भईरहेको, तहगत संगठन र कार्यकर्ताबीचका अन्तरविरोध न्यूनीकरण भएको, नेता र कार्यकर्ता, कार्यकर्ता र जनताबीचको सम्बन्ध सुदृढ भएको, पार्टी संगठनलाई बलियो र व्यवस्थित बनाउन बल पुगेको बैठकले निष्कर्ष निकालेको जिल्ला कमिटीका सचिव नवीन सिग्देलले बताए ।

पार्टी केन्द्रद्वारा सञ्चालित मिसन ग्रासरुट, पार्टी संगठन सुदृढीकरण तथा विस्तार अभियान-२०७९ बैठकमा अभियानका केन्द्रीय प्रतिनिधिहरु देवि ज्ञावली (मनहरी, राक्सिराङ, कैलाश र पेशागत ईलाका), पार्वत गुरुङ (हेटौंडा उपमहानगरपालिका), खेम लोहनी (ईन्द्रसरोवर र थाहा), बालिका गिरी (मकवानपुरगढी र भीमफेदी), कमलजंग राई (बकैया र बागमती), प्रदेश कमिटीका सदस्यहरु, पालिका ईन्चार्ज तथा अध्यक्षहरुले बैठकमा समीक्षात्मक रिपोर्टिङ जिल्ला सचिव सिग्देलले बताए ।

जिल्ला कमिटीका अध्यक्ष एकालाल श्रेष्ठको सभाध्यक्षतामा बसेको बैठकमा केन्द्रीय कमिटी सदस्य जुनेली श्रेष्ठ, केन्द्रीय सल्लाहकार परिषद् सदस्य डोरमणि पौडेल तथा बागमती प्रदेश कमिटीका अध्यक्ष केशव पाण्डेलगायतको उपस्थिति रहेको थियो ।

## हेटौंडा साहित्य महोत्सवसँगै ११ स्रष्टालाई सम्मान गरिने

साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/ मकवानपुरको अग्रणी साहित्यिक संस्था साहित्य संगम मकवानपुरले हेटौंडामा साहित्य महोत्सवको आयोजना गर्ने भएको छ ।

आगामी वैशाखमा हेटौंडा साहित्य महोत्सव-२०८० आयोजना गरिने संगमले पत्रकार सम्मेलन गरेर जानकारी दिएको छ । साहित्यसहित हेटौंडाका विविध पक्षमा बहस तथा छलफलका लागि महोत्सव आयोजना गरिएको संगमकी अध्यक्ष अनिता न्यौपानेले जानकारी दिएकी छन् । महोत्सव वैशाखको ८ र ९ गते आयोजना गरिने भएको छ । हेटौंडा उपमहानगरपालिका कार्यालयको आर्थिक सहयोगमा आयोजना गरिने महोत्सवका लागि नेपाल प्रज्ञा प्रतिष्ठानसहितका संस्थासँग सहकार्यका लागि छलफल भइरहेको उनले बताइन् ।

महोत्सवमा साहित्यका विभिन्न पक्षमा, हेटौंडाको विकासको बहस, कविता वाचन, गजल महफिल, मुक्तक वाचन, पुस्तक प्रदर्शनी, चित्रकला प्रर्दशनी, आदिवासी जनजातिका कथालगायतका विषय रहेको अध्यक्ष न्यौपानले जानकारी दिइन् । मकवानपुरे साहित्यमा २०४४ सालदेखि क्रियाशील संगमले पहिलो पटक साहित्यिक महोत्सव आयोजना गर्न लागेको हो । महोत्सवमा वागमती प्रदेशसहित देशका विभिन्न स्थानबाट साहित्यकारको सहभागित रहने जनाइएको छ । महोत्सव सम्पन्न गर्नका लागि ५ लाख रुपैयाँ लाग्ने अनुमान गरिएको छ ।

महोत्सवमा संगमले प्रदान गर्ने सम्मान पनि प्रदान गर्ने भएको छ । पत्रकार सम्मेलनमा प्रदान गरिने सम्मान पनि सार्वजनिक गरिएको छ । संगमले मकवानपुर साहित्यश्री सम्मान २०७९ का लागि मकवानपुरका साहित्यकार/गीतकार शम्भु बास्कोटालाई प्रदान गरिने भएको छ । जसको राशी १५ हजार ५ सय ५५ रुपैयाँ रहेको छ । यो सम्मान तत्कालीन जिविस मकवानपुरले दुई लाख राशीको अक्षयकोष मार्फत् स्थापना गरिएको थियो । यस्तै, हास्यव्यंग्यकार भैरव अर्याल परिवारको सहयोगमा साहित्य संगम मकवानपुरले दुई लाख पचास हजारको अक्षयकोष स्थापना गरेको भैरव अर्याल स्मृति सम्मान २०७९ साहित्य लेखन, पत्रकारिता, व्यंग्य र बज्जिका भाषामा निरन्तर साधनारत साहित्यकार सञ्जय साहलाई प्रदान गरिने भएको छ । यसको राशी २१ हजार १ सय ११ रुपैयाँ रहेको छ ।

यसैगरी, हास्यव्यग्यकार आरसी रिजालले आफ्नो आमाको स्मृतिमा स्थापना गरेको णकुमारी स्मृति साहित्य पुरस्कार यसवर्ष ज्ञानदीप शिक्षा निकेतनकी उपासना थापालाई प्रदान गरिने भएको छ । जसको राशी ५ हजार रुपैयाँ रहेको छ । यो पुरस्कार ९ देखि १२ कक्षामा अध्ययनरत छात्राबीच चित्रकला प्रतियोगिता गराइ छनोट गरी प्रदान गर्न लागिएको हो । प्रत्येक वर्ष साहित्य तथा कलाका फरकफरक विधामा प्रतियोगिता गराइ यो पुरस्कार प्रदान गरिँदै आइरहेको छ । यस्तै शिक्षासेवी डेण्टीजंग शाहले आफ्ने दिवंगत छोराको स्मृतिमा स्थापना गरेको शेषजंग स्मृति कथा पुरस्कार यसवर्ष बालजागृति सेकेन्डरी बोर्डिङ स्कुलकी छात्रा कृषाङ्गी अर्याललाई प्रदान गरिने भएको छ । जसको राशी ५ हजार रुपैयाँ रहेको छ । सो पुरस्कार ९ देखि १२ कक्षामा अध्ययनरत छात्रछात्राबीच कथा प्रतियोगिता गराइ छनोट गरी प्रदान गरिन्छ । प्रत्येक वर्ष साहित्यको कथा विधालाई यो पुरस्कार प्रदान गरिदै आइरहेको छ ।



यसैगरी, साहित्यकार विशाल अधिकारी (आशुतोष)ले आफ्नो पिताको सम्झनामा स्थापना गरेको भेषनाथ अधिकारी स्मृति छन्द सम्मान यसवर्ष छन्दकवि सुदेश सत्याललाई प्रदान गरिने भएको छ । जसको राशी १५ हजार ५ सय ५५ रुपैयाँ रहेको छ । यस्तै, हाल अमेरिका निवासी दीपक मुडभरीले आफ्नो मातापिताको नाममा स्थापना गरेको सुभद्रादेवी-मदन मुडवरी स्मृति सम्मान २०७९ साहित्यकार पूर्णकला घिमिरेलाई प्रदान गरिने भएको छ । यसको राशी दश हजार रुपैयाँ रहेको छ ।

यस्तै, शिक्षासेवी देवप्रसाद श्रेष्ठले आमाको स्मृतिमा स्थापना गरेको मंगलादेवी श्रेष्ठ स्मृति नारी सम्मान-२०७९ मकवानपुरमा जन्मेर काठमाडौं कर्मथलो बनाइ साहित्यमा सक्रिय स्रष्टा विना थिङलाई प्रदान गरिने भएको छ । जसको राशी दश हजार रुपैयाँ रहेको छ । यसैगरी, साहित्यसेवी मुक्तिगाविन्द वैद्य र उनकी धर्मपत्नी तारादेवी वैद्यले स्थापना गरेको मुक्ति-तारा सम्मान २०७९ का लागि सुत्रकथाकार श्यामकृष्ण ज्ञवाली (एस.के निधन) लाई प्रदान गरिने भएको छ । जसको राशी दश हजार रुपैयाँ रहेको छ । यस्तै, हाल अस्ट्रेलिया बसोबास गर्दै आएका साहित्यकार जेनन नेपाल र शर्मिला दुलालले आफ्नो हजुर आमा/हजुरबुबाको स्मृतिमा स्थापना गरेको डम्बर-पूर्णमाया स्मृति कविता सम्मान २०७९ का लागि साहित्यकार मनु मञ्जिललाई प्रदान गरिने निर्णय गरेको छ ।

जसको राशी २२ हजार २ सय २२ रुपैयाँ रहेको छ । यो सम्मान पहिलोपटक प्रदान गर्न लागिएको हो । संगमका संस्थापक मध्येका एक साहित्यकार केशव श्रेष्ठ 'ज्योति'ले साहित्य संगम मकवानपुरको नाममा स्थापना गरेको साहित्य संगम मकवानुर कृति सम्मान-२०७९ का लागि कथासंग्रह अपरिचित अनुहारका लागि साहित्यकार महेश पौडेललाई प्रदान गरिने भएको छ । जसको राशी २५ हजार रहेको छ । यसै वर्षबाट प्रदान गरिन लागेको यस सम्मानका लागि २०७८ सालभित्र प्रकाशित भएका कथाका कृतिहरुबाट छनोट गरिएको हो ।

यसैगरी, साहित्यकारद्वय ऋषि के.बी र पुण्यशिला श्रेष्ठले आफ्नो मातापिता/सासुससुराको नाममा स्थापना गरेको रामहरि-देवु युवा सम्मान-२०७९ का लागि साहित्यकार/कवि छवि अनित्यलाई प्रदान गर्ने निर्णय गरेको छ । यस वर्षदेखि प्रदान गर्न लागिएको सम्मानको राशी दश हजार रहेको छ । २०४४ सालमा स्थापना भएको संगमले हेटौंडा उपमहानगर पालिकासँगको साझेदारीमा २०५९ सालदेखि पुष्पलाल स्मृति पुस्तकालय पनि सञ्चालन गर्दै आइरहेको छ ।

## ल्यायम्ह पुचः मकवानपुरको अध्यक्षमा प्रधान

साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/ल्यायम्ह पुचः मकवानपुर शाखाको अध्यक्षमा सुबिन्द्रमान प्रधान निर्विरोध निर्वाचित भएका छन् ।

शनिवार थाहा नगरको जेसीज हलमा सम्पन्न २८ औं साधारण सभाले प्रधानलगायत कार्यसमिति निर्विरोध निर्वाचित गरेको हो । शाखाको उपाध्यक्षमा सुरेन्द्र श्रेष्ठ, सचिव मोहनदाश श्रेष्ठ, कोषाध्यक्ष अञ्जय प्रधान, सह-सचिव सुरेश श्रेष्ठ र सदस्यहरुमा नबीन्द्र प्रधान, आदर्श श्रेष्ठ, नीराजन प्रधान र रोहित श्रेष्ठ निर्विरोध निर्वाचित भएको निर्वाचन अधिकृत भूमिराज अवस्थीले जानकारी दिए । मोहनमान श्रेष्ठको अध्यक्षतामा सम्पन्न साधारणसभाको अवसरमा प्रमुख अतिथि थाहानगर उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान प्रधानले थाहामा २०५० सालको बाढीपहिरोले निम्त्याएको संकट पछि ल्यायम्ह पुचःको जन्म भएको स्मरण गर्दै समुदायलाई परिवर्तन गर्न सकिने कार्यक्रमहरु सञ्चालन गर्न सुझाव दिए ।

कार्यक्रममा थाहा नगर पालिकाका उपप्रमुख भरत गोपाली, पालुङ जेसीजका पूर्वअध्यक्ष मनोज रायमाझी, पुचःका केन्द्रीय कोषाध्यक्ष जर्म श्रेष्ठ, केन्द्रीय सदस्य भूमिराज अवस्थीलगायतले शुभकामना व्यक्त गरे । साधारणसभाले पालुङ जेसीजसँग सहकार्य गरेर युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा अन्तरक्रिया गरेको छ । पुचःले थाहा १ ओखर बजारमा सञ्चालित नि:शुल्क एम्बुलेन्स सेवाको स्वामित्व र जिम्मेवारी लिने सम्बन्धमा समेत छलफल गरेको




नवनिर्वाचित अध्यक्ष सुबिन्द्रमान प्रधानले बताए ।

विसं २०५१ सालमा मकवानपुरमा शाखा विस्तार गरेको पुचःले थाहा १ को कालिका प्राविको विद्यालय भवन निर्माण, थाहा १ मै खाली डाँडामा वृक्षारोपण गरी र माइलो डाँडा सामुदायिक वन उपभोक्ता समिति बनाइरहेको, विभिन्न पटक विषेशज्ञ सिविर सञ्चालन, खानेपानीमा सहयोग लगायतका कार्यहरु गर्दै आएको छ । पुचःको केन्द्रीय कार्यालय बागबजार काठमाडौंमा रहेको छ ।

**खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !**

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० बैशाख १७ गतेबाट बिभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोटः- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्क:-

**गोपाल थापा, हेटौंडा बसपार्क**

मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,

मोवाईल नं. ९८४५८०८४०२

**घर जग्गा भाडामा**

हेटौंडा-४, कमलडाँडा नबोदय बोडिङ अगाडि सरकारी तथा प्राइभेट अफिस, होस्टल, मन्टेश्वरी स्कुल आदिको लागि उपयुक्त २ कठ्ठा जग्गामा कम्पाउन्ड सहित निर्माण भएको ३ तल्ला घर १० कोठा, २ किचन, ३ बाथरूमसहित जम्मा १२ कोठा भएको सुविधा सम्पन्न पार्किङसहित कम्पाउन्ड घेरिएको पुरै घर जग्गा भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

(नोटः भुई तल्ला फल्याट मात्र पनि लिन सकिनेछ)

सम्पर्क नं.:-

**९८४५२६९७१३/९८४५०२०९५१**

**९८५५०३०९५१ (whatsapp)**

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बालमैत्री परिवार

हेटौंडाका होटल तथा निर्माण व्यवसायीले बालबालिकालाई बालश्रममा नलागाउने प्रतिवद्धता व्यक्त गरेका छन् । बालमैत्री स्थानीय तह घोषणाको लागि पुरा हुनुपर्ने मापदण्डअनुसार बालश्रम नराख्ने प्रतिबद्धता जनाइएको हो । बालबालिकाको संरक्षण गर्ने कार्य हामी सबैको दायित्व हो । बिगतमा रोजगारदाताले थोरै पैसा दिएर बालबालिकालाई श्रममा राखेका थिए । सरकारले बालश्रममा लगाउने रोजगारदातालाई कारबाही गर्न थालेपछि रोजगारदाता यो कार्यबाट केही पछि हटेको अवस्था छ । बालबालिकालाई श्रममा लगाउनु गैरकानूनी कार्य भएपनि लुकिछिपी बालश्रम राखिएको थियो । स्थानीय तहलाई बालमैत्री घोषणा गर्ने पूर्वतयारीस्वरुप हेटौंडामा श्रममा रहेका बालबालिकाको सहभागिता सम्बन्धी वकालत बैठकमा यस्तो प्रतिबद्धता व्यक्त गरिएको हो । बालबालिकालाई श्रममा लगाएको पाइएमा कानुन बमोजिम कारवाही हुछ भन्ने जानकारी भएर पनि उनीहरुलाई श्रममा लगाइन्थ्यो ।

बालबालिकासम्बन्धी ऐन, नियमावली तथा नेपालको दीगो विकास योजना अनुसार सबै क्षेत्रसँग सबैले हातेमालो गरी बालश्रम पूर्णरुपमा न्यून गर्नुपर्ने बताइएको छ । यसअघि बालमैत्री घोषणा भएका स्थानीय तहमा अझैसम्म बालश्रम पाइएको छ । बालश्रमलाई नबुझेर कतिपय ग्रामीण क्षेत्रमा घरमा बाबुआमालाई सघाउने कालाई पनि बालश्रमको रुपमा परिभाषित गरिएको पाइन्छ । घरपरिवालाई एकआपसमा सघाउने कार्य बालश्रम होइन । बालबालिकाको क्षमताभन्दा बढी काम लगाउनु हुँदैन । यतिकुरा अभिभावकले पनि ख्याल गर्नुपर्छ । तर, कतिपय परिवारमा बालबालिकालाई क्षमता भन्दा धेरै काम लगाइएको छ । कतिपय परिवारमा दैनिकजसो अभिभावकबीचमा घरायसी झगडा हुने गरेको छ । जसका कारण बालबालिका सडकमा आउन बाध्य भएका छन् । त्यसैले जस्तोसुकै अवस्थामा पनि बालबालिकाको अगाडि पारिवारिक कलह देखाउनु हुँदैन । बालबालिकाको अगाडि दैनिक झगडा गर्नाले उनीहरुको बालमस्तिष्का नकारात्मक प्रभाव पर्छ । त्यसैले बालबालिकाको अगाडि कलह देखाउन बन्द गर्ने र बालबालिकालाई माया गर्ने हो भने सडकमा आउने बालबालिकाको संख्या न्यून हुन्छ । तर, अझै पनि कतिपय परिवारमा बालबालिकाको भावनाको कदर गरिँदैन । बालबालिकालाई शिक्षा, स्वास्थ्य, पोषण, रुचि आदि कुरामा सामान्य ध्यान दिने हो भने उनीहरु कहिल्यै घर छोडेर सडकमा आउँदैनन् । बालबालिका सडकमा नआउने बनाउनु पनि बालश्रम न्यूनीकरणको प्रमुख उपाय हो ।

बालश्रम न्यूनीकरण गर्नका लागि धेरै ठूलो बजेट आवश्यक पर्दैन । बालबालिकाको पठनपाठन, खानपान, स्वास्थ्य पालनपोषण आदिको दायित्व परिबारकै हो । बालअधिकारका ४ वटा आधारभूत पक्षलाई मात्र परिवारका सदस्यहरुले ध्यान दिने हो भने उनीहरुले घर छोडेर सडकमा आउने चाहना राख्दैनन् । त्यसैले परिवार नै बढी जिम्मेवार हुनु जरुरी छ । अभिभावक गुमाएका बालबालिकालाई स्थानीय सरकारले संरक्षण गर्नुपर्छ । उनीहरुको शिक्षा, स्वास्थ्य, पालनपोषण आदि कुरामा स्थानीय सरकारले चासो देखाउने हो भने अभिभावक गुमाएका बालबालिका पनि सडकमा आउँने छैनन् । आफ्नो घर, परिवारबाट तिरस्कार भोग्न बाध्य भएका बालबालिका मात्र सडकमा आउने हुन् । त्यसैले हरेक परिवारले बालबालिकालाई माया गर्ने र उनीहरुको उज्ज्वल भविश्यका लागि लगानी गर्ने वातावरण बनाउँनै पर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ चैत १३ गते सोमबार २५ मार्च २०२३ । षष्ठी चैत कृष्णपक्ष । चौलाथ्व ११४३ ने.सं. । सूर्योदय ६:३, सूर्यास्त ६:१८।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मानसिक चिन्ता | **तुला** | : परिवारमा हर्ष |
| **वृष** | : कार्यान्तरणको योग | **वृश्चिक** | : व्यवसाय फस्टाउने |
| **मिथुन** | : व्यर्थ भ्रमण | **धनु** | : नैराश्यता |
| **कर्कट** | : मान प्रतिष्ठा वृद्धि | **मकर** | : परिश्रमबाट सफलता |
| **सिंह** | : धनहानी | **कुम्भ** | : सम्पत्तिसम्बन्धी विवाद |
| **कन्या** | : हर्ष थपिने | **मीन** | : मित्रबाट विरोध |

# गठबन्धन सरकारले जगाउनुपर्ने आशा



नैनसिंह महर



मंसीर ४ मा आम निर्वाचन सम्पन्न भएको चार महिना बितिसकेको छ । यसबीचमा नयाँ सरकारको गठन, राष्ट्रपति, उपराष्ट्रपतिको निर्वाचन, पुरानो गठबन्धनको पुनरोदय लगायत राजनीतिक फेरबदल भए । यो राजनीतिक गोलचक्करसँग आम नागरिकको खास सरोकार छैन । आम नागरिकका मुद्दा र सरोकार अरू नै छन् । सरकार, दल, राजनीतिकर्मीसँग नागरिक आक्रोशित छन् । बढ्दो निराशाका बीच हरेक दिन २ हजार हाराहारी तन्नेरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट देश छोड्न बाध्य भएका छन् । पाएसम्म हरेक युवाले देश छोड्न चाहेको छ ।

अमेरिका र युरोपसँग तुलना नगरौं, बाङ्लादेश र श्रीलंकाले समेत प्रतिव्यक्ति आय क्रमश: २५०० र ४००० डलर हाराहारीमा पुऱ्याइसक्दा हामी १३०० डलरमा सीमित छौं । हामी दक्षिण एशियाली देशहरूमा अफगानिस्तान पछिको न्यून आयमा थन्किएर बसेका छौं । यस्तो अवस्थाका बीच नेपाली कांग्रेस सरकारमा जाने तयारी गर्दैगर्दा देशप्रतिको जिम्मेवारी बहन गर्ने संकल्प साथमा बोक्नु आवश्यक छ ।

**आशा जगाउने सरकारको खाँचो**

नेपाली कांग्रेस सरकारमा जाँदै गर्दा देशलाई ठीक दिशामा लैजाने आन्तरिक छलफल र तयारी गरिनुपर्छ । अहिले अर्थतन्त्रमा कालो बादल मडारिन थालेको छ । चालु आर्थिक वर्षको आठ महिनामा १० खर्ब आयात गर्दा १ खर्ब मात्र निर्यात गर्न सकेका छौं ।

आठ महिनामा २६ अर्बको धान चामल र २२ अर्बको त तरकारी मात्रै आयात गरेका छौं । देशमा आर्थिक क्रियाकलापमा शिथिलता आएको छ । नेपालीको क्रयशक्ति घट्दै गएको छ । बढ्दो ब्याजदर विरुद्ध उद्योगी, व्यवसायी आन्दोलित छन् । मिटरब्याज पीडितहरूको समस्याको दिगो समाधान खोज्न राज्य तत्पर छैन।

लघुवित्त प्रताडितहरू देशभरबाट काठमाडौंमा जम्मा भएर नारा-जुलूस-धर्ना गरिरहेका छन् । सरकारको राजस्व संकलनमा कमी आएको छ । गुणस्तरीय र नि:शुल्क शिक्षा तथा स्वास्थ्य प्राप्त गर्ने नागरिकको अधिकार अनिश्चय बनेको छ । विश्वविद्यालयको शैक्षिक प्रणाली माथि अनेक प्रश्न तेर्सिएका छन् । भौतिक पूर्वाधारका काम समयमै नसकिने भएको मात्रै होइन, तिनीहरूको गुणस्तरमाथि प्रश्न छन् । देशमा उद्योगहरूको स्थापना करिब-करिब ठप्प जस्तै छ । नयाँ रोजगारी सिर्जना गर्ने कार्यक्रम अगाडि सारिएका छैनन् ।

यी तमाम समस्याका बीच नेपाली कांग्रेस सरकारमा सहभागी हुँदैछ । आम नागरिकका बुझाइमा नेपाली कांग्रेस सरकारमा जानु र नजानुमा केही अन्तर छैन भन्ने छ । कांग्रेसबाट सरकारमा सहभागी हुने मन्त्रीलाई यो एक चुनौती र अवसर दुवै हो । यसपटक कुनै बहानाबाजी बनाउने समय र नैतिकता कांग्रेसका लागि छैन । पार्टीले केही नेता विशेषलाई मन्त्री बनाउने भन्दा पनि गतिशील ढंगले काम गर्न सक्ने व्यक्तिलाई सरकारमा पठाउन आवश्यक छ ।

मन्त्री छान्नु अगाडि योग्यता, विज्ञता र इमानदारीको पाटो केलाउनु आवश्यक छ । पार्टीका अरू नेतागणले यो सरकारलाई सफल बनाउने र सरकारप्रतिको उत्साह बढाउने कर्ममा मन्त्रीहरूलाई मद्दत पुऱ्याउन आवश्यक छ । राजनीतिक कुराकानीका लागि घण्टौं समय खर्च भइरहेका बेला प्रत्येक दिनको प्रत्येक मिनेट महत्वपूर्ण ठानेर विकास र समृद्धिबारेका छलफलमा समय खर्चिनुपर्ने भएको छ ।

**लोकतान्त्रिक प्रणाली बलियो बनाउने सरकार**

विकसित देशमा समेत जुनसुकै बेला लोकतन्त्रप्रति खतरा हुन सक्छ भन्ने पुष्टि अमेरिकामा डोनाल्ड ट्रम्पका गतिविधिले गरेका थिए । हाम्रो जस्तो लोकतन्त्रको भर्खर-भर्खर अभ्यास गर्न पाएको र नागरिकमा त्यसको प्रत्याभूत गर्न अझै नसकिएको देशमा लोकतन्त्रप्रतिको खतरा अझ बढी रहने नै भयो ।

लोकतन्त्रप्रति प्रतिबद्ध भएको भनेर भाषण गर्दै हिंड्ने ओलीको शासनकालले हामीलाई थप सजग बनाएको छ । सरकारले गतिशील ढंगले काम गर्न नसक्दा दाहसंस्कार गरिसकेको राजतन्त्रको अस्तुप्रति मानिसको आकर्षण बढाउन सकिन्छ कि भन्ने सपना बुनेर केही झुण्ड क्रियाशील रहेको देखिन्छ । यसप्रति पनि राजनीतिक पार्टी सावधान भएर काम गर्नु आवश्यक छ । गणतान्त्रिक सरकारबाटै जनसरोकारका मुद्दा सम्बोधन हुन सक्छन् भन्ने विश्वास दिलाउनु अबको सरकारको कर्तव्य हुनेछ ।

यति मात्रै होइन लोकतन्त्रका अवयवहरूलाई सबल, भ्रष्टाचार मुक्त, विश्वासिलो र जनमुखी बनाउनमा राजनीतिक दल र सरकारले काम गर्न सक्नुपर्छ । सरकारले स्वतन्त्र न्यायपालिका, संवैधानिक अंगहरूको सबलीकरण, विधिको शासन, कानुनी राज्य, वाक्स्वतन्त्रता, विभेदरहित समाजको स्थापनाको प्रत्याभूत दिलाउन सक्नुपर्छ ।

**पाँच वर्षपछिको देश**

अबको ५ वर्षपछि २०८४ सालमा आम निर्वाचन हुनेछ । बीचको यो ५ वर्ष परिवर्तनको स्वाद नागरिकलाई चखाउन सकिएन भने नागरिकमा निराशा थप बढ्नेछ । यसको परिणाम हामीले सोचेभन्दा जटिल र भयावह बन्न सक्छ । गठबन्धनको नेतृत्व गर्दै गरेको नेपाली कांग्रेसका लागि जिम्मेवारीको तौल अझ बढी छ । सरकारमा सहभागी हुने दलले साझा स्पष्ट मार्गचित्र तयार पार्नु आवश्यक छ । लक्ष्य विनाको सरकार बीचमै लड्खडाउने खतरा रहन्छ ।

'पाँच वर्षमा देशमा कति उद्योगहरू थपिन्छन् ? रोजगारी कति सिर्जना हुन्छ ?' हामी स्पष्ट हुन आवश्यक छ । हजारौं विद्यालयमा विषयगत शिक्षकको अभाव पूर्ति गर्नुपर्नेछ । विश्वविद्यालयलाई विशुद्ध प्रज्ञिक र अनुसन्धानात्मक थलोको रूपमा विकास गर्नुपर्नेछ । गुणस्तरीय र रोजगारीमूलक शिक्षाको पहुँच गाउँ-गाउँमा पुऱ्याउनुपर्नेछ । नि:शुल्क स्वास्थ्य सेवाको पहुँच गाउँ-गाउँमा पुऱ्याउनुपर्नेछ । गाउँ-गाउँबाट बसाइसराइ रोक्नुपर्नेछ । स्थानीय निकायलाई थप सबल र सक्षम बनाउनुपर्नेछ । कृषि उत्पादनमा वृद्धि गराउनुपर्नेछ । किसानका समस्याको हल, बिचौलियाको अन्त्य गर्नुपर्नेछ ।


काठमाडौं लगायत शहरको प्रदूषणलाई घटाएर स्वच्छ र हराभरा शहरको रूपमा परिणत गर्नुपर्नेछ । लगानी मैत्री वातावरण, उद्योगी व्यवसायीलाई प्रोत्साहन, वैदेशिक लगानीमा वृद्धि गराउनुपर्नेछ । पर्यटन प्रवर्द्धन, हरित ऊर्जा, विज्ञान र प्रविधिमा देशको स्तर अभिवृद्धि गर्नुपर्नेछ । अन्य देशहरूसँगको कूटनीतिक सम्बन्ध सुमधुर बनाउँदै स्वदेशको विकासमा उनीहरूको मद्दत लिनुपर्नेछ । यी बाहेक सरकारले गर्नुपर्ने कामको सूची धेरै लामो हुनसक्छ ।

यी समग्र विषयमा सरकारमा सहभागी दलले चुनावी घोषणापत्रमा प्रतिबद्धता जनाएको आधारमा न्यूनतम कार्यक्रम घोषणा गरिनुपर्छ । यसैको मार्गनिर्देशनमा सरकारले आर्थिक, सामाजिक र विकासका कार्यक्रमहरू अगाडि बढाएर देशको नवीन यात्रामा केही कदम चाल्नैपर्छ । फेरि पनि मनन गरौं कांग्रेस सरकारमा जान्छ जाँदैन महत्वपूर्ण कुरा यो होइन, कांग्रेसले सरकारबाट कस्तो प्रस्तुतीकरण दिन्छ महत्वपूर्ण कुरा यो छ ।

*(साभार: अनलाइनखबर)*

# राष्ट्रपति र सरकारको दायित्व

लोकराज बराल




रामचन्द्र पौडेल राष्ट्रपति भएका दिन धेरै सञ्चारकर्मी साथीहरूले राष्ट्रपतिको अबको भूमिका कस्तो होला भन्ने चासो राखी प्रश्न गरे र मैले पनि आफ्नो छोटो विचार प्रस्तुत गर्ने सिलसिलामा अधैर्य नभई केही समय पर्खन आग्रह गरें ।

विगतका अनुभव र तीतो सत्यको प्रभावले गर्दा यस्ता प्रश्न बारम्बार आइरहने हुन् । कतिपय 'विद्' हरूका अभिव्यक्ति र यस व्यवस्थालाई न्वारनदेखिको बल लगाई असफल पार्ने प्रचार वाजीले अझ बढी अन्योल उत्पन्न गर्न बल मिलेको छ । सामाजिक सञ्जाल भनिने माध्यम प्रयोग गरी अनेक हल्काफुल्का टिप्पणी वा अतिरञ्जित वर्णनले अझ बढी भ्रम छरेका छन् । एउटा साधारण टिप्पणी कसैले गरे उसको मानमर्दन गरिहाल्ने र अतिशयोक्तिपूर्ण भाषाले प्रचार गरी वाहवाही कमाउने प्रवृत्तिले राजनीति धमिलिएको छ । तर, राजनीतिक दलहरूले यस्ता प्रवृत्तिलाई निरुत्साहित पार्न नसकेको तथ्य पनि सबैका सामु छ ।

संविधान कार्यान्वयनमा सचेत हुनुपर्ने दुईपक्ष छन्- संवैधानिक र राजनीतिक । यदि कार्यान्वयनमा बढी राजनीतिक सोच हावी भए संविधान स्थायी हुने सम्भावना कम हुन्छ । राजनीतिक पक्षमा, राष्ट्रपतिले व्यक्तिगत महत्वाकांक्षा र आफू प्रधानमन्त्री वा मन्त्रिपरिषद्को घेरामा मात्र सीमित नभई एउटा शक्तिकेन्द्रका रूपमा देखिन गर्ने प्रयास पर्छ । यो हुँदा राष्ट्रपति र प्रधानमन्त्री परस्परविरोधीका रूपमा देखिने सम्भावना बढ्छ । यदि राष्ट्रपति प्रधानमन्त्रीअनुकूल काम गर्ने पात्र भए उनको राजनीतिक छवि प्रधानमन्त्रीले निर्धारण गरेको मानिने हुन्छ । राष्ट्रपति, पूर्वराजा ज्ञानेन्द्रले आफ्ना लागि भन्ने गरेझैं, देखिने र सुनिने भूमिकाप्रति आकर्षित भए उनी राजनीतिक प्रतिस्पर्धीका रूपमा आउनेछन् । राष्ट्रपति कामचलाउ अर्थात् सेरेमोनियल मात्र होइनन् भन्नलाई उनको राजनीतिक भूमिका अर्को किसिमले पनि व्याख्या गर्न सकिन्छ । राष्ट्रपतिले प्रधानमन्त्रीलाई सल्लाह दिने, उत्साहित पार्ने र सचेत गराउने विश्वव्यापी रूपमा स्थापित संसदीय मान्यताहरू छँदै छन् । मुख्य कुरा राष्ट्रपतिले कुन व्यवस्था अन्तर्गत आफ्नो भूमिका निर्वाह गरिरहेको छु भन्ने हेक्का नराखे समस्या बढ्नेछ । संविधानको अक्षरभन्दा भावना बुझी उनले कर्तव्य निर्वाह गरिरहेका छन् कि छैनन् भन्ने नै मुख्य पक्ष हो । पूर्वराष्ट्रपति रामवरण यादवले प्रधानसेनापति प्रकरणमा राजनीतिक भूमिका निर्वाह गरे न कि संवैधानिक । साधारणतया मन्त्रिपरिषद्को निर्णय मान्ने संवैधानिक बाध्यता हुँदाहुँदै उनी प्रधानसेनापति हटाउने निर्णयले व्यवस्थामा ठूलो खतरा आइपर्ने निष्कर्षमा पुगे र त्यस्तो कदम चाल्न बाध्य भए । तर उनले त्यस्तो भूमिका अहिलेको संविधान अन्तर्गत निर्वाह गरेका होइनन् । त्यस्तो कदम चाल्न उनीमाथि देशका सबै राजनीतिक दल, बाह्य शक्तिको दबाब थियो । यदि यादवले राष्ट्रपतिका रूपमा अरू पनि राजनीतिक गतिविधि गरेका भए ती अमान्य हुने थिए । प्रधानसेनापति प्रकरणलाई अपवादका रूपमा लिनुपर्छ, यदि संसदीय अभ्यासलाई अँगाल्ने भए । माओवादीको डंका र सत्ताकब्जाको त्रासले कतै बहुदलीय व्यवस्था नै धराशायी हुने त होइन वा सेनामा विचलन आउने त होइन भन्ने सोचले सबैले राष्ट्रपति यादवलाई मन्त्रिपरिषद्को निर्णय नमान्न दबाब दिएका थिए ।

संवैधानिक पक्षमा, राष्ट्रपतिको भूमिका संविधान अन्तर्गत रही निर्वाह गरिनुपर्छ, जसमा प्रधानमन्त्रीको भूमिका अहं हुन्छ । यदि यस्तो व्यवस्था ठीक नभएको ठान्ने हो भने जे गर्दा पनि हुन्छ । कतिपयले सोझै निर्वाचित प्रधानमन्त्रीको पुरानो बहसको सम्झना गराएका पनि छन् तर यस्ता विषयलाई ज्यादै सूक्ष्म र गहन रूपमा बहसमा ल्याउनुपर्छ । निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीले राष्ट्रपतिको पद आलंकारिक मात्र होइन भनेको पनि ख्याल राख्नुपर्छ । व्यवस्था एउटा अपनाउने, काम भने अर्कै गर्ने गरे व्यवस्था कसरी चल्छ ? भण्डारीले सायद आफूले राष्ट्रपति हुँदा गरेको विवादास्पद भूमिकाको बचाउ गरेकी हुन सक्छिन् । वर्तमान संविधानको उल्लंघन बारम्बार भएकाले राष्ट्रपतिको पदले राजनीतिक ध्यान आकर्षित गरी आज प्रधानमन्त्री कतै छायामा पर्न थालेका त होइनन् भन्ने प्रश्न उठेको हो । तत्कालीन प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली चिनियाँ राष्ट्रपति आउँदा ओझेल परेकै थिए । दुईपक्षीय वार्तासम्म राष्ट्रपति आफैंले गर्न भ्याएकी थिइन् । यदि वर्तमान संविधानको भावना अनुसार नचले दुई शक्तिकेन्द्र हुने सम्भावना बढ्न सक्छ । त्यसैले नयाँ राष्ट्रपतिमा व्यवस्था के हो, यसभित्र आफ्नो भूमिका के हुन सक्छ भन्ने ज्ञान हुनुपर्छ । रामचन्द्र पौडेल त्यसै पनि खारिएका लोकतन्त्रवादी राजनीतिज्ञ हुन् । संविधानको अभिभावक रहेर उनले शक्ति आर्जन गर्नपट्टि लाग्न हुन्न, सरकारलाई अप्ठ्यारो नपर्ने भूमिका खेल्नुपर्छ प्रधानमन्त्री पनि आफ्नो संवैधानिक मर्यादाप्रति उत्तिकै सचेत हुनुपर्छ ।

संविधान र व्यवस्था स्थायी रहे सरकारको अस्थिरताबाट आतंकित हुनुपर्दैन तथापि देश विकासका गतिविधिमा भने यसले असर पार्छ । जापान, इजराइल, भारत र अन्य कतिपय देशमा सरकार परिवर्तन भइरहे पनि संविधान र व्यवस्थामा असर नपरेको तथ्य सबैका अघि छ । यदि राष्ट्रपति अप्रिय या अलोकतांन्त्रिक भए संसद्को दुईतिहाइ मतका आधारमा हटाउन सक्ने संवैधानक प्रावधानले उनी पहिलेका राजाजस्तो स्वेच्छाचारी हुन सक्तैनन् । सोझै चुनिएका राष्ट्रपतिहरू पनि जनआक्रोशका सिकार भएका उदाहरण यत्रतत्र पाइन्छन् । तर कार्यकारी अधिकारविहीन राष्ट्रपति संविधान र व्यवस्थाको मर्मप्रति कटिबद्ध भए नयाँ परम्परा बस्न सक्छ । त्यस पदप्रति जनआस्था बढे संविधान र व्यवस्थाको रक्षा हुने र जनआक्रोश सरकार सञ्चालकहरूप्रति केन्द्रित भई 'सेफ्टी भल्भ' को काम गर्नेछ । छिमेकी भारतको अभ्यासले पनि यो तथ्य प्रमाणित भएको छ । सरकारको भूमिका कमजोर भए वा जनताका साधारण आवश्यकताको व्यवस्थापन गर्न नसके सरकार असफल भएको मानी जनताले विद्रोह गर्न सक्छन् । जोन लकले जनताको क्रान्ति गर्ने अधिकारको सन्दर्भ सरकारका तीन अंगको निष्क्रियतासित जोडेका छन्- यदि तीनै अंग व्यवस्थापिका, कार्यकालिका र न्यायपालिका असफल भए जनता क्रान्तिको बाटामा लाग्न सक्छन् । तर आजका सन्दर्भमा यी तीन अंगको सुनिश्चितताका साथै जनताका आधारभूत आवश्यकताको परिपूर्ति सरकारले गर्नैपर्छ । लाखौं युवाको रोजगारीको मुद्दा, जवाफदेही, स्वच्छ शासन, प्रशासन र कार्यक्षमताबाट सरकारको आयु निर्धारण हुनेछ । सरकारले कार्यक्षमता देखाउन नसक्नु उसको कमजोरी हो किनभने आज प्राय: गठबन्धनकै सरकार बन्ने सम्भावना र यथार्थता दुवै छन् । वर्तमान चुनाव प्रणालीका कारण मिलीजुली सरकार नेपालका लागि अविच्छिन्न यथार्थता हो तर त्यसअनुकूल सरकार चलाउने क्षमता बढाउने काम नेताहरूको हो । यदि यस्तो चुनाव प्रणाली ठीक नलागे विकल्प खोज्नुपर्छ तर समावेशिताको कार्यान्वयनमा ध्यान पुऱ्याउनैपर्छ । यतिका वर्ष बितिसक्तासमेत कुनै पनि राजनीतिक दलले दलित उत्थानका एजेन्डा अघि बढाएको वा छुवाछुतविरोधी अभियान चलाएको पाइँदैन । भर्खरै राष्ट्रिय सभामा दलित सम्बन्धि संकल्प प्रस्ताव पास भएको छ तर यसको कार्यान्वयन हेर्न पर्खनुपर्ने भएको छ ।

माओवादी जनयुद्धमा दलित र महिलाको उल्लेख्य योगदान भएको ठान्ने दल नै अरूसरह एजेन्डाविहीन भएको छ । बाबुराम भट्टराईले प्रधानमन्त्रीका रूपमा महिनामा एकपल्ट दलितका घरमा बास बस्ने चलन चलाई सांकेतिक (सिम्बोलिक) रूपमा भए पनि दलितप्रति संवेदनशीलता देखाएका त थिए तर नीति कार्यान्वयन भने गर्न सकेका थिएनन् । सामाजिक रूपान्तरणका लागि सामाजिक र आर्थिक विभेदको अन्त्य हुनैपर्छ । तर आज दलहरू सामाजिक र आर्थिक रूपमा झन् बढी यथास्थितिवादी बन्दै गएका छन् । यसमा दलाल पुँजीवादले भूमिका खेलेको छ र दलहरूलाई अब बिचौलिया अर्थतन्त्रबाट मुक्ति पाउन गाह्रो हुँदै गएको छ । राजनीतिक दलहरूको अस्तित्वका लागि सिद्धान्त गौण भएको छ र जसरी पनि शक्ति आर्जन गर्न तिनलाई तिनै दलाल पुँजीपति वा भुइँफुट्टा वर्गको आश्रय चाहिएको छ । यसैले भ्रष्टाचार व्याप्त भएको र सरकार जसले बनाए पनि अक्षम साबित भैरहेको हो । आहुतिले भनेझैं, यसमा जातप्रथाको अहं भूमिका छ जसको निदानका लागि दलहरूका नेता उदासीन देखिन्छन् । अत: समाजवाद वा प्रगतिवाद वा मार्क्सवाद सबै जनता भुलाउने नारामा सीमित छन् ।

राजनीतिक स्थायित्व संविधान वा कानुनमा खोजेर मात्र पाइँदैन । राजा महेन्द्रले तत्कालीन संविधानको धारा ५५ को प्रयोग व्यवस्था वा संविधानको रक्षाका लागि गरेका थिएनन् । उनको राजनीतिक महत्त्वाकांक्षामा बाधा गर्ने बहुदलीय व्यवस्थालाई नै पन्छाउने कदम चालेका थिए । उनले त्यस्तो विभाजनकारी व्यवस्था नेपालको हावा पानी माटो नसुहाउँदो भएको भनी विकल्पका रूपमा निर्दलीय व्यवस्था ल्याएका थिए । अबका राष्ट्रपतिले त्यसको कल्पनासम्म गर्न सक्तैनन् किनभने गणतन्त्रको विकल्प परम्परावादी राजतन्त्र हुन सक्तैन । राष्ट्रपति स्वेच्छाचारी हुन खोजे जनताले बाटो देखाउनेछन् तर राजतन्त्रमा राष्ट्राध्यक्ष आजीवन (फिक्स्ड) रहने भएकाले संवैधानिक प्रक्रियामार्फत उसबाट संवैधानिक मुक्ति पाउन गाह्रो हुन्छ । यसका लागि अर्को क्रान्ति गर्नुपर्ने हुन्छ । त्यसैले अबको विकल्प संविधानको अक्षर र भावना अनुसार चल्ने राष्ट्राध्यक्ष र सक्षम सरकार हो जसको प्रमुख भूमिका विकास र लोकतन्त्रको रक्षामा हुन्छ । सरकारहरू आउँछन्-जान्छन्, अब यसमा धेरै टाउको दुखाउने कुरा छैन । यदि सरकार चलाउने दलहरू अक्षम भए जनताले चुनावमा हराउने वा शान्तिपूर्ण आन्दोलनका माध्यमले विस्थापित गर्ने बाटो पहिल्याउनुपर्छ । यसका लागि क्षणिक आवेग होइन, राजनीतिक चेतनाका बलमा लोकतान्त्रिक अभ्यास बढाई सरकारलाई बढी उत्तरदायी बनाउन लाग्नुपऱ्यो । गणतन्त्र लोकतन्त्रको उत्तम अवस्था हो, जुन असफल भए विकल्पमा तानाशाही वा अधिनायकवाद मात्र आउँछ । नेपालमा यस्ता व्यवस्थाको प्रयोग कुनै न कुनै रूपमा भैसकेको छ । जनतामा देखिने आक्रोश व्यवस्थापन गर्ने क्षमता असल लोकतन्त्रमा मात्र हुन्छ ।

*(साभार: ई-कान्तिपुर)*

### जनगणनाको नतिजा :

# मास्टर डिग्री गर्ने २.२ प्रतिशत मात्र, एसएलसी मात्र उत्तीर्ण कति ?



काठमाडौं/सार्वजनिक भएको राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार नेपालमा कूल साक्षरता प्रतिशत ७६ दशमलव २ रहेको छ । राष्ट्रिय जनगणनामा ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका व्यक्तिहरूको शैक्षिक अवस्था सम्बन्धी विवरण संकलन गरिएकोमा जनगणनाको नतिजाले देशका ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल २ करोड ६६ लाख ७५ हजार ९७५ जनसंख्यामा २ करोड ३ लाख ४१ हजार ६२३ जना पढ्न र लेख्न दुवै जान्ने देखाएको छ । यस अनुसार देशको समग्र साक्षरता दर ७६.२ प्रतिशत रहेको तथ्याङ्क विभागको आँकडाले देखाएको छ ।

जसमा पुरुषको साक्षरता दर ८३.६ प्रतिशत रहेको छ भने महिलाको साक्षरता दर ६९.४ प्रतिशत रहेको छ । अघिल्लो २०६८ को जनगणनामा कुल साक्षरता दर ६५.९ प्रतिशत, पुरुषको साक्षरता दर ७५.१ प्रतिशत र महिलाको साक्षरता दर ५७.४ प्रतिशत रहेकोमा साक्षरता दर बढेको छ ।

सार्वजनिक आँकडा अनुसार साक्षरता दर पहाडी क्षेत्रमा धेरै रहेको छ भने सबैभन्दा कम हिमाली क्षेत्रमा रहेको छ । हिमालमा ७२.८ प्रतिशत, पहाडमा ८०.९ प्रतिशत र तराईमा ७३.१ प्रतिशत साक्षरता दर रहेको छ ।

स्थानीय तहगत हिसाबले गाउँपालिकामा बसोबास गर्ने जनसंख्यामा ७८.५ प्रतिशत र नगर पालिकामा बसोबास गर्ने जनसंख्यामा ७८.५ प्रतिशत साक्षर रहेका छन् ।

प्रदेशगत आधारमा बागमती प्रदेशमा सबै भन्दा धेरै साक्षरता दर रहेको छ । बागमती प्रदेशमा पाँच वर्ष वा सो भन्दा माथिल्लो उमेरका जनसंख्याको ८२.१ प्रतिशत साक्षर रहेका छन् । पुरुषको साक्षरता दर गण्डकी प्रदेशमा उच्च रहेको छ । मधेस प्रदेशमा सबै भन्दा कम साक्षरता दर (६३.५%) रहेको छ । पुरुष र महिलाको साक्षरता दर समेत मधेस प्रदेशमा अन्य प्रदेशको तुलनामा सबैभन्दा कम रहेको छ ।

सबै जिल्लाहरूमा ५५ प्रतिशत भन्दा धेरै साक्षरता दर देखिएको छ । काठमाडौं जिल्लामा सबैभन्दा बढी ८९.२३ प्रतिशत र रौतहट जिल्लामा सबैभन्दा कम साक्षरता दर ५७.७५ प्रतिशत रहेको छ । पुरुष र महिलाको साक्षरता दर पनि अन्य जिल्लाको तुलनामा काठमाडौं जिल्लामा क्रमश: ९४.१९ प्रतिशत र ८४.१६ प्रतिशत रहेको छ । रौतहट जिल्लामा भने महिला र पुरुष दुवैको साक्षरता दर अन्य सबै जिल्लाहरूको भन्दा कम रहेको छ ।

कुल साक्षर जनसंख्याको सबैभन्दा बढी २८.७ प्रतिशत व्यक्तिहरूले प्राथमिक तह कक्षा १ देखि ५ सम्म मात्र उत्तीर्ण गरेका छन् । निम्न माध्यमिक तह कक्षा ६ देखि ८ सम्म मात्र उत्तीर्ण गरेका व्यक्तिहरू १९.९ प्रतिशत रहेको आँकडाले देखाएको छ । एस.एल.सी. वा सो सरह मात्र उत्तीर्ण गर्ने व्यक्तिहरू ९.५ प्रतिशत, यसैगरी एस.एल.सी. भन्दा माथिल्लो तह उत्तीर्ण गर्नेहरू १९.५ प्रतिशत रहेका छन् । यस्तै १.८ प्रतिशत व्यक्तिहरूले अनौपचारिक शिक्षा अध्ययन गरेको देखिएको छ ।

जनगणनाको नतिजा अनुसार देशका ५ वर्ष वा सो भन्दा बढी उमेरका साक्षर पुरुष र महिलाहरूले सबैभन्दा बढी संख्याले प्राथमिक तह मात्र उत्तीर्ण गरेको आँकडा छ । जसमा पुरुष २८.८ प्रतिशत र महिला २८.६ प्रतिशत रहेका छन् । निम्न माध्यमिक तह मात्र उत्तीर्ण गरेका दोस्रो ठुलो हिस्सा १९.९ प्रतिशत रहेका छन् । कक्षा ९ र १० उत्तीर्ण १५.४ प्रतिशत रहेका छन् भने एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेहरू ९.५ प्रतिशत रहेका छन् ।

यस्तै प्रमाणपत्र तह वा टेन प्लस टु उत्तीर्ण १२.७ प्रतिशत, स्नातक वा सो सरह ४.६ प्रतिशत, स्नातकोत्तर वा सो सरह वा सो भन्दा माथि २.२ प्रतिशत रहेका छन् । तह नखुलेकोमा १.८ प्रतिशत रहेका छन् । अनौपचारिक शिक्षामा भने महिलाहरूको प्रतिशत पुरुषको भन्दा धेरै रहेको तथ्याङ्क विभागले जनाएको छ ।

यस्तै स्कुले शिक्षाभन्दा माथिको शिक्षामा अध्ययन गरेको विषयको आँकडा हेर्दा धेरै व्यक्तिहरू अर्थात् ३५.१ प्रतिशतले व्यवस्थापन क्षेत्रको अध्ययन गरेको देखिएको छ । शिक्षाशास्त्र अध्ययन गरेका व्यक्तिहरू २९.९ प्रतिशत सहित दोस्रो स्थानमा रहेका छन् भने मानविकी तथा सामाजिक शास्त्र अध्ययन गरेका व्यक्तिहरू ११.५ प्रतिशत छन् । विज्ञान७.१ प्रतिशत, स्वास्थ्य ४.४ प्रतिशत, चिकित्साशास्त्र ३.० प्रतिशत, इन्जिनियरिङ १.२ प्रतिशत, कम्प्युटर ०.८ प्रतिशत, सूचना प्रविधि ०.७ प्रतिशत, कानुन ०.३ प्रतिशत, कृषि, वन र पशुविज्ञान अध्ययन गर्ने ०.२ प्रतिशत रहेका छन् ।

लैङ्गिक आधारमा हेर्दा सबैभन्दा धेरै पुरुषहरू ३६.९ ले व्यवस्थापन क्षेत्रमा अध्ययन गरेको देखिएको छ भने धेरै महिलाहरू ३६.१ प्रतिशतले शिक्षाशास्त्र अध्ययन गरेका छन् । मानविकी तथा सामाजिकशास्त्र ११.६ प्रतिशत अध्ययन गर्ने महिला र पुरुषहरू बराबर देखिएका छन् ।

# बेनिशाले वर्षालाई निर्देशन गरेको ‘मिसिङ ब्राइड’ सिनेमाघर एपमा




काठमाडौं/हाल चौथो सातामा प्रदर्शनरत फिल्म ‘छक्का पञ्जा ४’बाट करिअरमा पहिलो पटक सफलता प्राप्त गरेकी अभिनेत्री बेनिशा हमालले आफूलाई निर्देशकको रुपमा पनि उभ्याइसकेकी छन् । कोरोना महामारीभन्दा अगाडि भारतमा फिल्म मेकिङको अध्ययन गरेकी उनले पहिलो पटक निर्देशन गरेको सर्ट फिल्म ‘मिसिङ ब्राइड’ नेपालको ओटीटी प्लेटफर्म सिनेमाघर एपमा उपलब्ध भएको छ ।

फिल्ममा वर्षा राउत र विवेक सिंह ठकुरी प्रमुख भूमिकामा छन् । यो सर्ट फिल्म सिनेमाघर एपबाट मोबाइल, ट्याब्लेट, आइप्याड तथा विभिन्न स्मार्ट टीभीमा विश्वभर बाट हेर्न सकिन्छ । निर्देशक हमालकै होम प्रोडक्सन कम्पनी मौरी पिक्चर्सको ब्यानरमा निर्माण भएको फिल्ममा शिवराम श्रेष्ठको छायांकन, प्रविण श्रेष्ठको सम्पादन तथा कलर करेक्सन, राजेश शाहको भिएफएक्स रहेको छ ।

अभिनयको लामो अनुभवलाई आफूले ‘मिसिङ ब्राइड’मा खर्चिएको बेनिशाको भनाई छ । उनी भन्छिन्, ‘यो मेरो पहिलो प्रयास हो । पहिलो प्रयासमा आफू सफल भएकी छु भन्नेमा विश्वस्त छु ।’ फिल्ममा बेनिशाकै लेखन रहेको छ । केदार भुषाल कार्यकारी निर्माता रहेको यो फिल्ममा सन्दीप घिमिरेको मुख्य सहायक निर्देशन तथा किशोर केसी र सदीक्षा गौतमको सहायक निर्देशन छ ।

# ‘कामिनो’मा सौगात र प्रदीप एकसाथ देखिँदै




काठमाडौं/दीपक वलीको निर्देशनमा बन्न लागेको फिल्म ‘कामिनो’मा कलाकारको लाइनअप बलियो बनेको छ । अभिनेता प्रदीप खड्कालाई मुख्य भूमिकामा अनुबन्ध गर्दै कलाकार छनोट प्रक्रियामा अगाडि बढेको निर्माण टिमले वर्षा सिवाकोटी, राजबल्लभ कोइराला र नीति शाहपछि अब फिल्ममा सौगात मल्ललाई अनुबन्धित गरेको छ । उनीसँग निर्माण टिमले शुक्रबार लिखित सम्झौता गरेको हो ।

दुई सपरस्टार सौगात र प्रदीप एकसाथ एउटै फिल्ममा देखिन लाग्नु दर्शकका लागि ठूलो ‘सरप्राइज’ हो । निर्देशक वलीले फिल्ममा दुवैको भूमिका लगभग बराबर रहेको र दुवैले एकसाथ स्क्रिन सेयर गर्ने जानकारी दिए । तर, उनी सौगातको भूमिकाबारे खुल्न चाहेनन् । अहिले सौगात शुक्रबारबाट पशुपति परिसरमा छायांकन भइरहेको फिल्म ‘पशुपति प्रसाद २ : भष्मे डन’मा व्यस्त छन् ।

आगामी बैशाख १५ गतेबाट छायांकन सुरु हुन लागेको फिल्मका लागि केही दिनअघि वर्कसप भएको थियो । जोखिमपूर्ण तरिकाले अमेरिका प्रवेश गर्न चाहनेको संघर्षको कथामाथि निर्माण हुन लागेको फिल्मका कार्यकारी निर्माता सुनिल विष्ट गौली हुन् भने पटकथा तथा संवाद महेश दवाडीले लेखेका हुन् । फिल्मको छायांकन नेपालका साथै ल्याटिन अमेरिकाका विविध स्थानमा हुनेछ ।

सौरभ लामाको छायांकन, एसडि योगी र एलिस कार्कीको संगीत, सम्राट बस्नेतको द्वन्द्व निर्देशन रहने फिल्ममा पूर्ण लामा क्रियटिभ डिरेक्टर र दिनेश प्रकाश महरा प्रोडक्शन डिजाइनरमा छन् । तीन करोडभन्दा बढीको लगानीमा निर्माण हुन लागेको फिल्मलाई नेपाली, हिन्दी, अंग्रेजी र स्पेनिस गरी चार भाषामा रिलिज गर्ने तयारी गरिएको छ । स्पेनिस भाषामा ‘कामिनो’को अर्थ बाटो हुन्छ ।

# ८ महिनामा एक खर्ब ३८ अर्ब वैदेशिक सहायताको प्रतिबद्धता




काठमाडौं/चालु आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्ममा सरकारले एक खर्ब ३८ अर्ब ५६ करोड १० लाख रुपैयाँ बराबरको वैदेशिक सहायता प्रतिबद्धता पाएको छ ।

अर्थ मन्त्रालयका अनुसार आठ महिनामा नेपालले विभिन्न द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदारबाट २४ अर्ब ५६ करोड १० लाख बराबर अनुदान र एक खर्ब १४ अर्ब रुपैयाँ बराबर वैदेशिक ऋणको प्रतिबद्धता पाएको हो ।

चालु आर्थिक वर्षको बजेटमार्फत सरकारले दुई खर्ब ४२ अर्ब २६ करोड वैदेशिक ऋण र ५५ अर्ब ४६ करोड रुपैयाँ वैदेशिक अनुदान लिने लक्ष्य राखेको थियो । लक्ष्यको तुलनामा वैदेशिक ऋण प्रतिबद्धता ४७ प्रतिशत र वैदेशिक अनुदान प्रतिबद्धता ४४ दशमलव २८ प्रतिशत बराबर हो ।

अर्थ मन्त्रालयका अनुसार यो अवधिमा जापान सहयोग नियोग (जाइका)बाट ‘प्राजेक्ट फर ह्युमन रिसोर्स डेभलपमेन्ट स्कलरसीप’ (जेडिएस) कार्यक्रमका लागि ३५ करोड अनुदानको प्रतिबद्धता सरकारले पाएको छ ।

त्यस्तै जाइकाले ‘तराई क्षेत्र सिँचाइ प्रणाली सुदृढीकरण परियोजना’का लागि दुई अर्ब रुपैयाँ अनुदान प्रतिबद्धता जनाएको छ । युरोपियन युनियनबाट ‘वास फर अल’ परियोजनाका लागि एक अर्ब ३७ करोड र ‘सशक्त महिला, समृद्ध नेपाल’ कार्यक्रमका लागि दुई अर्ब रुपैयाँ अनुदान प्रतिबद्धता पाएको छ ।

आठ महिनामा स्वीटजरल्यान्ड सरकारबाट ‘प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम’का लागि ९९ करोड १० लाख रुपैयाँ बराबर अनुदान सहायताका प्रतिबद्धता आएको छ । दक्षिण कोरिया सरकारले कोरियाबाट फर्किएका कामदारको उद्यमशीलता विकासका लागि लागि एक अर्ब र नेपाल प्रहरीको साइबर ब्यूरोको क्षमता विकासका लागि एक अर्ब रुपैयाँ अनुदानको प्रतिबद्धता जनाएको छ ।

त्यसैगरी एसियाली विकास बैंक (एडिबी)ले नेपालको पहाडी क्षेत्रमा फलफूल तथा ओखर खेती प्रवर्द्धनका लागि दुई अर्ब ४७ करोड र महिलाको क्षमता विकास कार्यक्रमका लागि एक अर्ब ५७ करोड रुपैयाँ अनुदान प्रतिबद्धता जनाएको मन्त्रालयले जनाएको छ ।

बेलायत सरकारले सुरक्षा तथा न्याय प्रणाली क्षमता विकास कार्यक्रम फेज-२ का लागि पाँच अर्ब २६ करोड र स्थानीय पूर्वाधार कार्यक्रमका एक अर्ब ४४ करोड रुपैयाँ अनुदान प्रतिबद्धता जनाएको छ । त्यस्तै नर्वे सरकारले विद्यालय शिक्षा क्षेत्र कार्यक्रमका लागि दुई अर्ब ५७ करोड र फिनल्यान्ड सरकारले विद्यालय शिक्षा क्षेत्र योजनाका लागि दुई अर्ब ५४ करोड रुपैयाँ प्रतिबद्धता जनाएको छ ।

वैदेशिक ऋण सहायतातर्फ विश्व बैंकमार्फत ‘ग्रिन रेजिलेन्स एन्ड इन्क्लुसिभ डेभलपमेन्ट’ (ग्रिड) कार्यक्रमका लागि १२ अर्ब ७५ करोड रुपैयाँ ऋण प्रतिबद्धता आएको छ । त्यस्तै विश्व बैंकले क्षेत्रीय यातायात तथा व्यापार कनेक्टिभिटी परियोजनाका लागि ३४ अर्ब ९६ करोड रुपैयाँ र ‘डिजिटल नेपाल एक्सिलेरेसन कार्यक्रम’का लागि १७ अर्ब ७९ करोड रुपैयाँ बराबर ऋण दिने प्रतिबद्धता जनाएको अर्थ मन्त्रालयले जनाएको छ ।

यो अवधिमा जाइकाबाट सहरी क्षेत्रको विद्युत् प्रणाली व्यवस्थापन परियोजनाका लागि एक अर्ब ४२ करोड रुपैयाँ ऋणका लागि सम्झौता भएको छ । त्यस्तै एसियाली विकास बैंकले पहाडी क्षेत्रमा फलफूल तथा ओखरखेती प्रवर्द्धनका लागि सात अर्ब ७९ करोड र विद्यालय शिक्षा क्षेत्र योजनाका लागि २६ अर्ब ५१ करोड रुपैयाँ बराबरको ऋण प्रतिबद्धता जनाएको छ ।

# काठमाडौं महानगरले ६ वर्षमा जरिवानाबाटै असुल्यो ६ करोड २२ लाख रुपैयाँ

काठमाडौं/गत असारमा काठमाडौं महानगरपालिकाको नगर प्रहरीले महाराजगन्जमा मकै बेच्दै हिँडेकी एक महिलाको ठेलालाई लछार पछार गरेर नियन्त्रणमा लिएको तस्बिर र भिडियोले सामाजिक सञ्जाल निकै तताएको थियो ।

सर्वसाधारणलाई हिँड्न सहज बनाउन र अव्यवस्थित फुटपाथलाई व्यवस्थित गर्न महानगर पालिकाले कारबाही गर्नुका साथै समान जफत गर्दै आएको छ । महानगरपालिकाको मेयरमा बलेन शाह निर्वाचित भएसँगै उनले यो अभियानलाई झन् आक्रामक बनाएका छन् । अहिले महानगरभित्र बेलुका ७ बजेभन्दा अघि फुटपाथ वा सडकमा व्यापार व्यवसायी गर्न मनाही छ ।

महानगरले आर्थिक वर्ष २०७४/७५ सालदेखि फुटपाथ व्यापारीलगायतलाई कारबाही र जरिवाना गर्दै आएको छ । महानगर पालिकाले सडकपेटी अतिक्रमण नियन्त्रण, मोटरसाइकल पार्किङ व्यवस्थापन, छाडा पशु व्यवस्थापन, निर्माण नियन्त्रण, दृष्यप्रदुषण नियन्त्रण र फोहोर मैला गर्नेलाई कारबाही गरेर जरिवाना गर्दै आएको छ ।

महानगरको अनुसार पाँच वर्ष ७ महिनामा ६१ हजार ५ सय ९७ जनालाई कारबाही गर्दै ६ करोड २२ लाख ५४ हजार चार सय ५० रुपैयाँ जरिवाना गरेको महानगरले जनाएको छ ।

आर्थिक वर्ष २०७४/७५ मा १२ हजार २७ जनालाई कारबाही गर्दै एक करोड २१ लाख १५ हजार जरिवाना गरेको छ । आर्थिक वर्ष २०७५/७६ मा १३ हजार पाँच सय ८७ जनालाई कारबाही गर्दै एक करोड ३९ लाख २१ हजार चार सय ५० रुपैयाँ जरिवाना गरेको छ ।

त्यस्तै आर्थिक वर्ष २०७६/७७ मा ११ हजार सात सय ८९ जनलाई कारबाही गर्दै एक करोड २१ लाख ५३ हजार तीन सय रुपैयाँ जरिवाना गरिएको छ । आर्थिक वर्ष २०७७/७८ मा ८ हजार ५८ जनालाई कारबाही गर्दै ८० लाख ११ हजार एक सय रुपैयाँ जरिवाना गरेको छ ।

गत आर्थिक वर्षमा भने १५ हजार ६ सय २५ जनालाई कारबाही गर्दै एक करोड ५७ लाख एक हजार नौ सय रुपैयाँ जरिवाना गरेका छन् । चालु आर्थिक वर्षको माघ मसान्तसम्ममा पाँच सय ११ जनालाई कारबाही गर्दै दुई लाख ७५ हजार ७ सय रुपैयाँ जरिवाना उठाइएको छ ।

जफत गरेको सामान लिलाम गर्ने गरेको काठमाडौं महानगरपालिका प्रवक्ता नवीन मानन्धरले बताए । २०७५ वैशाख १२ गतेको काठमाडौं महानगरपालिका नगर कार्यपालिका बैठकको निर्णय अनुसार महानगरपालिका क्षेत्रमा सडकहरू पैदलयात्री मैत्री बनाइने नीति अनुसार सडक फुटपाथ व्यापारको सामान जफत गरी लिलाम गर्दै आएको उनले बताए । जफत गरेको सामान कुनै हालतमा फिर्ता नहुने र कुहिने सामान छ भने फिर्ता हुने गरेको उनले बताए । महानगरले सडक पेटीमा राखिएको समान र पसलको सटरभन्दा बाहिर राखिएको सामानलाई मात्र जफत गर्ने गरेको उनले बताए । ‘पहिला यो कार्य सुस्ताएको थियो,’ उनले भने, ‘अहिले हामी यसलाई तीव्रताका साथ निरन्तरता दिँदै आएका छौं ।’

अहिले महानगरले पैदल यात्रुलाई हिँड्न असहज भएको भन्दै फुटपाथका व्यापारीलाई कारबाही र निषेध गर्ने कार्यलाई तीव्रता दिएको छ । महानगरपालिकाले बढी भिडभाड भएको ठाउँमा ठेला, डोको, क्रेट र नाङ्लोमा व्यापार गर्न रोक लगाइएको छ । अहिले सर्वसाधारणलाई हिँड्न केही सहज भएको छ । तर, फुटपाथ व्यापारीलाई भने महानगरपालिकाले व्यवस्थापन गर्ने कुनै विकल्प खोज्न र योजना बनाउन सकेको छैन ।

**मापदण्ड विपरीतका ९ हजार परिचय पाटी/बोर्ड हटाइयो**

काठमाडौं महानगर पालिकाले ९ हजार अनधिकृत परिचय पाटी हटाएको छ । मापदण्ड रहेका तर शुल्क नबुझाएका र तोकिएको आकार भन्दा ठूलो साइजका बोर्ड तथा परिचय पाटी हटाइएको महानगरले जनाएको छ ।

गत असोज ७ गते मापदण्ड बमोजिम राख्न सकिने पाटीको आकार र त्यसमा लाग्ने वार्षिक शुल्कसमेत उल्लेख गर्दै ३० दिने सार्वजनिक सूचना जारी गरिएको थियो । मापदण्डमा आउन सक्ने बोर्डलाई दायरामा ल्याउन र मापदण्ड भित्र नपर्ने बोर्ड आफैं व्यवस्थापन गर्न व्यवसायीलाई अनुरोध गरिएको थियो । तर, व्यवसायीहरूले अटेर गरेर राखिएको भित्ते लेखन, अनधिकृत पर्चा, पम्प्लेट र पोस्टर हटाइएको महानगरले जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# गायक विकेन्ड बने संसारकै सबैभन्दा लोकप्रिय कलाकार

काठमाडौं/क्यानडेली गायक विकेन्ड विश्वकै सबैभन्दा लोकप्रिय संगीतकार घोषित भएका छन् । गिनिज बुक अफ वर्ल्ड रेकर्ड्सले ३३ वर्षको सांगीतिक करिअरको तथ्यांकमा विकेन्डको नजिक अन्य कुनै संगीतकर्मी पनि आउन नसक्ने जनाएको छ ।

गिनिज बुकले विकेन्डलाई उक्त उपाधि दिनुअघि सार्वजनिक गरेको प्रतिवेदनमा दुई आधार प्रस्तुत छन् । जसमा संगीत स्ट्रिमिङ प्लेटफर्म स्पटीफाइमा उनका मासिक श्रोता १११.४ मिलियन छन् भने १०० मिलियन मासिक श्रोता पुग्ने पहिलो कलाकार भएको उल्लेख छ ।

विकेन्ड अहिले माइली साइरस भन्दा लगभग ३० मिलियन मासिक श्रोता (८२.४ मिलियन) ले अगाडि छन् । शीर्ष १० मा रहेका अन्यमा शकिरा (८१.६ मिलियन), एरियाना ग्रान्डे (८०.६ मिलियन), टेलर स्विफ्ट (८०.२ मिलियन), रिहाना (७८.५ मिलियन), र एड शिरन (७७.५ मिलियन) छन् ।

वास्तविक नाम एबेल म्याक्कोनेन तेस्फे, द विकेन्डको जन्म १६ फेब्रुअरी १९९० मा क्यानडामा भएको थियो । उनले पहिलो पटक सन् २०१० मा आफ्नो मिक्सटेप रिलिजसँगै व्यापक चर्चा बटुले ।

डार्क, वायुमण्डलीय धड्कन महसुस गर्ने र श्रोतासँग प्रत्यक्ष जोडिएका आत्मनिरीक्षण स्वादका ती मिक्सटेपले चर्चा प्राप्त गरे । यो विशिष्ट आवाजले पछि उनलाई बलियो प्रशंसक आधार निर्माण गर्न र संगीत उद्योगमा मान्यता प्राप्त गर्न मद्दत गर्‍यो ।

उनले त्यसपछि धेरै सफल एल्बम रिलिज गरिसकेका छन् । जसमा स्टारब्वाय, ब्युटी बिहाइन्ड द म्याडनेस र आफ्टर आवर्स छन् । जसले सबैले आलोचनात्मक प्रशंसा र व्यावसायिक सफलता पाएका छन् । लगातार उच्च गुणस्तरको संगीत उत्पादन गर्ने उनको क्षमताले संगीत उद्योगमा उनको स्थानलाई बलियो बनाउन र वर्षौंदेखि उनको लोकप्रियता कायम राख्न मद्दत गरेको छ ।

द विकेन्डले चारवटा ग्रामी अवार्ड, बीस बिलबोर्ड म्युजिक अवार्ड र छ वटा अमेरिकन म्युजिक अवार्ड जितेका छन् । उनी एक एकेडेमी अवार्ड र प्राइमटाइम एमी अवार्डका लागि एक पटक मनोनीत पनि भएका छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**“तपाई हामी सबैको कुरा”**

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर ‘क’ वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com



हेटौंडा उपमहानगरपालिका, ४ नम्बर वडा कार्यालय तथा टोल विकासको समन्वयमा हरियाली टोल कमलडाँडामा झाडु लगाएर सडक तथा पेटी सर सफाई गरिँदै । सरसफाईमा प्रतिनिधिसभाका पूर्वसँसद खेम लोहनी, ४ नम्बर वडाका वडाध्यक्ष नवीन सिग्देल, हेटौंडा उपमहानगरपालिका सामाजिक महाशाखा प्रमुख भीम तिमल्सिनासहित सडक सरसफाई कार्यक्रममा सहभागी थिए । *तस्बिर: साझाकुरा ।*

# हेटौंडाले जित्यो अन्तरपालिका फुटबलको उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/हेटौंडा उपमहानगरपालिकाले दोस्रो अन्तर पालिकास्तरीय फुटबल प्रतियोगिता-२०७९ को उपाधि हात पारेको छ ।

हेटौंडा-५, स्थित पिप्लेक्याम्पा रंगशालामा भएको फाइनलमा हेटौंडाले मकवानपुरगढी गाउँपालिकालाई ४-० को गोलअन्तरले पराजित गरेको हो । खेलमा मकवानपुरगढीविरुद्ध हेटौंडा हाबी देखिन्थ्यो । हेटौंडाको जीतमा विनोद घलान, लक्ष्मण विडारी, सामेल सुनुवार र प्रितम स्याङ्बोले एक-एक गोल गरेका छन् । प्रतियोगिताको पहिलो संस्करणमा उपविजेतामा सीमित रहेको हेटौंडाले दोस्रो संस्करणमा उपाधि जित्न सफल भयो । हेटौंडाले नगद २ लाख रुपैयाँ प्राप्त गरेको छ ।

उपविजेता मकवानपुर गढीले एकलाख रुपैयाँ पाएको छ । विधागततर्फको पुरस्कारमा हेटौंडाका खेलाडीको वर्चश्व रह्यो । हेटौंडाका गोलरक्षक गोपी बर्तौला, डिफेन्डर



धिरन भ्लोन, मिडफिल्डर प्रितम स्याङ्बो, फरवार्ड विनोद लामा तथा प्रशिक्षक विजयलाल श्रेष्ठ उत्कृष्ट घोषित भए । विधागतरुपमा उत्कृष्टले नगद ५ हजार, सर्वोत्कृष्ट खेलाडीले दशहजार रुपैयाँ प्राप्त गरेका छन् । हेटौंडाकै मिडफिल्डर सामेल सुनुवार सर्वोत्कृष्ट खेलाडी घोषित भएका छन् । उनी फाइनल खेलको म्यान अफ दी म्याच पनि चुनिए ।

जिल्ला समन्वय समिति र जिल्ला खेलकुद विकास समितिको संयुक्त आयोजनामा भएको प्रतियोगितामा जिल्लाका दशवटै पालिकाको टोली सहभागी थिए । प्रतियोगिताको पहिलो संस्करण थाहा नगरपालिकाले जितेको थियो । जारी संस्करणमा भने थाहा नगरपालिका क्वाटरफाइनलबाटै बाहिरियो । प्रतियोगिताको समापन बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको प्रमुख आतिथ्यता तथा जिल्ला समन्वय समिति प्रमुख ललितबहादुर घलानको सभाध्यक्षतामा भएको थियो । समापन समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री जम्कट्टेलले बागमती प्रदेशलाई खेलकुदमा अब्बल बनाउने कार्य सरकारले गरिरहेको बताए ।

समापन समारोहमा बागमती प्रदेशकी सामाजिक विकासमन्त्री कुमारी मोक्तान, कांग्रेस बागमती प्रदेश सभापति तथा प्रदेश सांसद इन्द्रबहादुर बानियाँ, प्रदेश सांसद लक्ष्मी श्रेष्ठ, मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तान, हेटौंडा उपमहानगर पालिकाको उपप्रमुख राजेश बानियाँ, मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डे, मकवानपुरगढी गाउँपालिका उपाध्यक्ष मानकुमारी पाखिन, हेटौंडा उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाअध्यक्ष सविन न्यौपाने, वडाअध्यक्ष सुकराम केसी, मकवानपुरगढीका वडाअध्यक्षहरु भागवत घिमिरे, बखानसिं पाखिन लगायतको आतिथ्यता थियो ।

# नैतिक शिक्षा हटाउँदा भ्रष्टाचार बढ्यो: गुरुङ

साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/नेपाली कांग्रेसका उपसभापति एवं संघीय सांसद धनराज गुरुङले हेटौंडा आएर पाठ्यक्रमबाट नैतिक शिक्षा हटाउँदा मुलुक भ्रष्टाचारतिर गएको दावी गरेका छन् ।

नैतिकवान मानिसहरुको कमी भएकोतर्फ संकेत गर्दै उनले नेताहरुले पाठ्यक्रमबाट नैतिक शिक्षा झिकेर नथन्काइदिएको भए यति धेरै भ्रष्टाचार नहुने तर्क गरे । नैतिक शिक्षाको अभावले भ्रष्टाचार मौलाएको उनको भनाई थियो । नेता गुरुङले स्थानीय तहबाटै अध्ययन अध्यापनमा सुधार ल्याउन सकेमात्र देशको शैक्षिक सुधार हुने बताएका छन् । हेटौंडामा शनिवारबाट सुरु भएको नेपाल शिक्षक संघ बागमती प्रदेशको दोस्रो अधिवेशनलाई सम्बोधन गर्दै गुरुङले पाठ्यक्रमबाट नैतिक शिक्षा दिनुपर्ने बताउँदै यहाँ नेताहरुमा नैतिकता हराइसकेको बताए । उनले मुलुकको सवल पक्षमा शिक्षकहरुको ठूलो भूमिका रहने बताएका छन् ।

उनले संघीय शिक्षा ऐन



छिटोभन्दा छिटो ल्याउन पहल गर्ने प्रतिवद्धता जनाउदै शिक्षकलाई गम्भीर भएर काम गर्न आग्रह समेत गरे । पुस्ता निर्माणमा शिक्षकहरुकै हात हुने भएकाले त्यसतर्फ पनि सचेत रहनु पर्ने उनले बताए । उपसभापति गुरुङले सामुदायीक विद्यालयहरुमा पनि राम्रो पढाई हुन्छ भन्ने उदाहरण प्रस्तुत गर्न शिक्षक संघका साथीहरुले दत्तचित्त भएर काम गर्नुपर्नेमा जोड दिए ।उनले राम्रो भएको सामुदायिक विद्यालयलाई पछ्याउने काम गर्न शिक्षकहरुलाई अनुरोध गरे । हरेक पालिकाले अब एउटा नमुना विद्यालय बनाउनुपर्ने उनले सुझाब दिएका छन् ।

नेपाली कांग्रेस बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँले सबैले आफनो काम अनुसारको जिम्मेवारी बोध नगर्ने हो भने अझैपनि देशलाई संकटबाट बाहिर ल्याउँन नसकिने दावी गरे । नेपाल शिक्षक संघ बागमती प्रदेशको दोस्रो अधिवेशनको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै सभापति बाँनियाले शिक्षकहरुलाई आफूले बोकेको गहन जिम्मेवारीबाट पछि नहट्न र समाज परिवर्तनको अगुवाइलाई अझ प्रभावकारी र शसक्त बनाउँदै निरन्तरता दिन आग्रह गरेका छन् । अधिवेशनले नयाँ नेतृत्वको चयन गर्ने भएकाले गुटउपगुटबाट बाहिर निस्किएर नयाँ नेतृत्व चयन गर्न सुझाव दिए । आफू सधैं शिक्षकहरुको साथमा रहेको उल्लेख गर्दै नेता बानियाँले सबै किसिमका सहयोगका लागि सदैव तत्पर रहेको प्रतिवद्धता समेत जनाएका छन् ।

नेपाल शिक्षक संघ बागमती प्रदेशका सभापति नारायण तिमल्सिनाको सभाध्यक्षतामा भएको कार्यक्रममा संघीय सांसद श्यामकुमार घिमिरे, शिक्षक संघका केन्द्रीय अध्यक्ष राजेन्द्रराज पौडेल, कांग्रेस केन्द्रीय सदस्य कुन्दनराज काफ्ले, प्रदेश सामाजिक विकास मन्त्रालयका सचिव रामशरण सापकोटा, शिक्षक संघ मकवानपुरका अध्यक्ष गणेशप्रसाद हुमागाई लगायतले मन्तव्य व्यक्त गरेका थिए । शनिवार र आइतबार दुई दिनसम्म चल्ने अधिवेशनले प्रदेशको नयाँ कार्यसमिति चयन गर्नेछ । अधिवेशनले आगामी चार वर्षका लागि अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव लगायतका ३७ सदस्यीय नयाँ कार्यसमिति चयन गर्नेछ । अधिवेशनमा प्रदेशका १३ जिल्लाका ४ सयभन्दा बढी प्रतिनिधि सहभागी छन् ।

# मातृभूमिद्वारा आठ स्रष्टा सम्मानित



साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/मातृभूमि साहित्य समाज मकवानपुरको आयोजनामा शनिबार हेटौंडामा भएको कार्यक्रममा ८ जना स्रष्टालाई सम्मान तथा पुरस्कृत गरिएको छ । समाजका अध्यक्ष माधव पोखेलको अध्यक्षता तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यतामा पुरस्कार तथा सम्मान प्रदान गरिएको थियो । समाजले विभिन्न विधामा हरेकवर्ष यो पुरस्कार तथा सम्मान प्रदान गर्दै आइरहेको छ ।

शनिबार नित्यगोविन्द स्मृति मातृभूमि संगीत पुरस्कारबाट वरिष्ठ संगीतकार भुपेन्द्र रायमाझीलाई नगद २० हजार सहित पुरस्कार प्रदान गरिएको थियो भने मायादेवी मातृभूमि साहित्य पुरस्कारबाट काठमाडौंकी साहित्यकार सीता विष्टलाई नगद २१ हजार सहित पुरस्कार प्रदान गरिएको थियो ।

त्यस्तै, क्षेत्रबहादुर बानियाँ स्मृति मातृभूमि सम्मानबाट मकवानपुरका अग्रज साहित्यकार र मेशमोहन अधिकारीलाई नगद १५ हजार सहित सम्मान प्रदान गरिएको छ भने राजकुमार बानियाँ स्मृति मातृभूमि सम्मानबाट रौतहटका साहित्यकार हरिकृष्ण काफ्लेलाई नगद १५ हजार सहित सम्मान प्रदान गरिएको थियो ।

कार्यक्रममा हातेमालो मातृभूमि सृजनशील युवा सम्मानबाट हेटौंडाका राष्ट्रिय गायक सुजिल कर्माचार्यलाई नगद १० हजार सहित सम्मान प्रदान गरिएको छ । मायादेवी मातृभूमि सहित्य सम्मानबाट यसवर्ष बारा कलैयाकी साहित्यकार अप्सरा पुडासैनीलाई १० हजार नगद सहित सम्मान गरिएको छ भने मञ्जु सुवेदी मातृभूमि सम्मानबाट मकवानपुरकी पत्रकार सम्झना कार्की (नानीमैयाँ) लाई १० हजार नगद सहित सम्मान प्रदान गरिएको छ । त्यस्तै, मङ्लादेवी श्रेष्ठ स्मृति मातृभूमि बाल सम्मानबाट हेटौंडाका बाल गायक चिराग डंगोललाई नगद ७ हजार पाँच सय सहित सम्मान गरिएको थियो ।

सम्मान तथा पुरस्कार कार्यक्रमसँगै समाजले आफ्नो २३ औं वार्षिक साधारणसभा गरेको थियो । सोही अवसरमा विभिन्न स्रष्टाहरुले आफ्नो रचनावाचन गरेका थिए । कार्यक्रममा समाजका संरक्षक हयग्रीव आचार्य, सल्लाहकार देवराज खरेल लगायत मकवानपुरमा रहेका विभिन्न साहित्यिक संघसंस्थाका अध्यक्ष एवम् प्रतिनिधिको उपस्थिति रहेको थियो ।

# मकवानपुर सिमरा गोल्डकपको सेमिफाइनलमा



साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/सिमरामा जारी जगदम्बा १३ औं जीतपुरसिमरा गोल्डकपमा जीत निकाल्दै मकवानपुर-११ सेमिफाइनल पुगेको छ ।

शनिवार साँझ भएको क्वाटरफाइनल खेलमा मकवानपुरले भरतपुर युथ क्लबलाई पेनाल्टी सुटआउटमा ४-३ गोल अन्तरले हराएको हो । मकवानपुर र भरतपुरले निर्धारित समयमा ३-३ गोल बराबरी खेलेका थिए । खेलमा मकवानपुरका लागि मनिष पौडेल, सुजन गुरुङ र मनोज घलानले गोल गरेका हुन् । पेनाल्टी सुटआउटमा मनिष पौडेल, सुजन गुरुङ, सञ्जिव अर्याल र सुदीप श्रेष्ठले गोल गर्दै मकवानपुरलाई गोल्डकपको सेमिफाइनलमा पुऱ्याएका हुन् । मकवानपुरले सिमरा गोल्डकपमा शनिवार पहिलो खेल खेलेको थियो ।

मकवानपुर-११ को टिम शुक्रबार मात्रै तयार पारिएको हो । हेटौंडामा भएको अन्तरपालिका फुटबलमा उत्कृष्ट प्रदर्शन गरेका आधारमा खेलाडी छनोट गरी गोल्डकप खेल्न लगिएको थियो । मकवानपुर-११ मा खेलाडीहरु रेनजेङ्ग थिङ, विक्रम नेगी, पाल्देन लामा, संजीव अर्याल, सुदीप सापकोटा, मनिष पौडेल, अविनाश खड्का, राजन गोले, सुन गुरुङ, नवराज घलान, अभिषेक भ्लोन, छेवाङ्ग लामा, सुदीप श्रेष्ठ, सरोज राई, अमित भ्लोन र आकाशबहादुर राना छनोट भएका थिए । टिमको प्रशिक्षकमा क्षेत्री र व्यवस्थापकमा अतुल बर्मा रहेका छन् । मकवानपुर-११ को प्रशिक्षणमा विजयलाल श्रेष्ठ र सुबिन घिमिरेले पनि सहयोग गर्ने भएका छन् ।

यसअघि हेटौंडाका क्लबहरुको प्रतिनिधित्व हुने गरेकोमा यसवर्षको सिमरा गोल्डकपमा जिल्लाको टिमले प्रतिस्पर्धा गरेको हो । चैत्र १८ गतेसम्म संचालन हुने प्रतियोगितामा ए डिभिजन पाँचसहित १० टिमको सहभागिता रहेको छ । प्रतियोगितामा एनआरटी, नेपाल एपीएफ क्लब, चर्च ब्वाईज युनाइटेड, सातदोबाटो युथ क्लब, हिमालयन शेर्पा क्लब, वीरगन्ज युनाइटेड क्लब, मकवानपुर-११, बागमती युवा क्लब, भरतपुर फुटबल क्लब र आयोजक सहभागी छन् ।

एनआरटी प्रतियोगिताको साविक विजेता र एपीएफ उपविजेता हो । जीतपुरसिमरा उपमहानगर पालिका मुख्य सहयोगी र जगदम्बा स्टील्स् प्रालि मुख्य प्रायोजक रहेको प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले पाँच लाख प्राप्त गर्नेछन् । विधागत पुरस्कारतर्फ सर्वोत्कृष्ट खेलाडीले एक थान मोटरसाइकल, उत्कृष्ट गोलरक्षक, मिडफिल्डर, डिफेन्डर, फरवार्ड, प्रशिक्षक, सर्वाधिक गोलकर्ताले जनही २० हजार प्राप्त गर्नेछन् । उदीयमान खेलाडीले नगद १५ हजार पाउने आयोजकले जानकारी दिएको छ ।

# अन्जन सुरक्षा मास्क लगाएर प्रशिक्षणमा



साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/ हेटौंडेली स्टार नेपाली राष्ट्रिय फुटबल टोलीका फरवार्ड अन्जन विष्ट अनुहारमा सुरक्षा मास्क लगाएर प्रशिक्षणमा फर्किएका छन् ।

सहिद स्मारक ए डिभिजन लिगका दौरान चर्च ब्वाइज युनाइटेडका लागि खेल्दा चोट बोकेका अन्जनलाई प्रधानमन्त्री थ्री नेसन्स कप अन्तर्गत लाओसविरुद्ध खेल विश्राम दिइएको थियो । लिगअन्तर्गत एन्फा कम्प्लेक्समा संकटाविरुद्ध भएको चौथो खेलमा उनको अनुहारमा चोट लागेको थियो । त्यसपछि उनले च्यासल मैदानमा पाँचौ खेलमा मच्छिन्द्रविरुद्ध खेलेनन् । चोटका कारण अन्तिम खेल गुमाएपछि त्यसबेला चर्च ब्वाइजका सहायक प्रशिक्षक रमेश दंगालले अन्जन ६ सातासम्म विश्राम लिनुपर्ने बताएका थिए । तर, राष्ट्रिय टोलीका प्रशिक्षक भिन्सेन्जो अल्बर्टो अनेसेले उनलाई टोलीमा समेटेका थिए ।

लाओसविरुद्ध खेलको अघिल्लो दिन भिन्सेन्जोले अन्जन फिट रहेको र लाओसविरुद्ध खेल्ने सम्भावना रहेको बताएका थिए । तर, लाओस विरुद्ध अन्जनले खेलेनन् । खेलपछि भने अनेसेले अन्जनलाई खेलाउन हतार नगर्ने बताएका थिए । अन्जन यसै महिना मात्र भारतबाट फर्केका हुन् । आइ लिगमा केन्क्रे एफसीका लागि खेलेका उनले चर्च ब्वाइजसँग अनुबन्धन गरेका थिए ।

अन्जनले ए डिभिजन लिगमा एक खेल मात्र खेलेका छन् । उनले शनिबार पूर्ण प्रशिक्षणमा सामेल भए । अनुहारमा लागेको चोटबाट बच्न अन्जनले सुरक्षा मास्क लगाएका हुन् । नेपालले थ्री नेसन्स कप अन्तर्गत मंगलबार भुटानको सामना गर्दैछ ।

# मनाङ मर्स्याङ्दीले जित्यो तिलोत्तमा गोल्डकपको उपाधि

बुटवल/२२ औं तिलोत्तमा गोल्डकप फुटबल प्रतियोगिताको उपाधि मनाङ मर्स्याङ्दी क्लबले जितेको छ ।

बुटवल देवीनगरस्थित एन्फा टेक्निल सेन्टरको मैदानमा शनिबार सम्पन्न फाइनलमा सुदूरपश्चिमलाई ट्राइब्रेकरमा ९-८ गोल अन्तरले हराउँदै मनाङले उपाधि जितेको हो ।

उपाधिसंगै मनाङ सुदूर पश्चिमले ११ लाख ११ हजार १ सय ११ रुपैयाँ पाएको छ भने उपविजेता मनाङ सुदूर पश्चिमले ५ लाख ५५ हजार ५ सय ५५ रुपैयाँ पाएको छ ।

२०३३ सालदेखि सुरू भएको तिलोत्तमा गोल्डकपको उपाधि मनाङले पहिलोपटक जितेको हो । निर्धारित समयमा दुबै टिमले १-१ गोल गरेका थिए । त्यसपछि खेल ट्राइब्रेकरमा गएको हो ।

सुदूर पश्चिमका फागुराम थारुको प्रहार विपक्षी गोलरक्षक जियानाथ शेखले रोके भने दीपेन्द्र मलासीको प्रहार पोस्ट बाहिर गएपछि मनाङको जित निश्चित भएको थियो ।

प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीले नगद एक लाख रुपैयाँ वा एक थान मोटरसाइकल, उत्कृष्ट अग्रपंक्तिका खेलाडी, गोलरक्षक, मध्यपंक्तिका खेलाडी, रक्षापंक्तिका खेलाडी र प्रशिक्षकले जनही ३० हजार रुपैयाँका दरले पुरस्कार पाएका छन् ।

उत्कृष्ट गोलरक्षक मनाङका जियानाथ शेख, उत्कृष्ट रक्षापंक्तिको खेलाडी आशिस गुरुङ, उत्कृष्ट अग्रपंक्तिको खेलाडी सुदुर पश्चिमका फागुराम थारु, उत्कृष्ट मध्यपंक्तिको खेलाडी मनाङका बिशन गुरुङ, उत्कृष्ट मध्यपंक्तिको खेलाडी मनाङकै किरण श्रेष्ठ घोषित भए ।


तिलोत्तमा गोल्डकपको २१ औं संस्करणको उपाधि क्यामरुनको दाउफिन्स क्लबले जितेको थियो ।

# २१ लाख ६९ हजार नेपाली विदेशमा

काठमाडौं/राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजाले २१ लाख ६९ हजार ४७८ व्यक्तिहरु अक्सर विदेशमा बसोवास गरिरहेको देखाएको छ ।


परिवारमा अनुपस्थित रहेर धेरैजसो समय विदेशमा बस्ने पुरुषको संख्या १७ लाख ६३ हजार ३१५ छ । जुन विदेशमा अक्सर बस्ने नेपालीको कुल संख्याको ८१.२८ प्रतिशत हो । विदेशमा अक्सर बस्ने महिलाको संख्या ४ लाख ६ हजार १०३ (१८.७२ प्रतिशत) छ । दश वर्षअघि २०६८ सालमा विदेशमा अक्सर बसोवास गर्नेहरूको संख्या १९ लाख २१ हजार ४९४ थियो, जसमध्ये पुरूष १६ लाख ८४हजार ०२९ (८७.६४ प्रतिशत) र महिला २ लाख ३७ हजार ४०० (१२.३६ प्रतिशत) थिए । २०६८ को तुलनामा २०७८ मा विदेशिने महिलाहरुको संख्या ७१.०९ प्रतिशतले बढेको केन्द्रीय तथ्यांक विभागले जनाएको छ ।


"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"
आधुनिक सुन चाँदी पसल
हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।
प्रो. राजु सेन्चुरी
सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्
कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।
प्रो. अमिता चौधरी
मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

Education is the real treasure
ADMISSIONS OPEN FOR 2080
From Nursery to Grade 9
Scholarships
a feature of socially resposible institution ....
Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats
APPLY NOW www.admission.hetaudaacademy.edu.np
HETAUDA ACADEMY
RESIDENTIAL SECONDARY SCHOOL
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना